

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २१५ • २०८० साल पुस १७ गते मंगलबार (2 January, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# धोती लगाउँदा पक्राउ परेका जनमतका अध्यक्षसहित सबै रिहा

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय राजधानी काठमाण्डुमा धोती लगाएको अभियोगमा पक्राउ परेका जनमत पार्टीका अध्यक्ष डा.सी के राउतसहित ५० जना बढीलाई उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सोमवार अपरान्ह रिहा गराएका छन् ।

जनमत पार्टीका अध्यक्ष सहितका नेता, कार्यकर्ताहरुलाई थुनामा राखिएको भृकुटी मण्डपमा पुगेका मन्त्री श्रेष्ठले पक्राउ गर्नु गल्ती भएको स्वीकारेको जनमत पार्टीका नेताहरुले बताएका छन् ।

अन्तर्राष्ट्रिय नयाँ वर्षको पहिलो दिन हरेक वर्ष धोती दिवस मनाइने गरिन्छ । धोती लगाएर माइतीघर मण्डला पुगेका जनमत पार्टीका अध्यक्ष राउत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवी, सांसद अब्दुल खान लगायतलाई प्रहरीले बिहान पक्राउ गरी प्रहरी क्लवमा थुनेका थिए ।

धोती दिवसको अवसरमा उनीहरु धोती लगाएर माइतीघर मण्डलाबाट काठमाण्डुका केही भागमा प्रदर्शनको तयारी गरेका थिए । तर प्रहरीले अध्यक्ष राउत र मन्त्री अनितासहितलाई माइतीघर मण्डलाबाट नै नियन्त्रणमा लिएर भृकुटी मण्डपमा रहेको प्रहरी क्लवमा थुनेका थिए ।

गृहमन्त्री श्रेष्ठ आफैं नेपाल प्रहरी क्लब पुगेर उनीहरुलाई छुटाएका छन् । 'गृहमन्त्री श्रेष्ठले आफूहरुबाट भएको कमीकमजोरी स्वीकार्दै आफ्नै उपस्थितिमा सबै आन्दोलनकारीलाई रिहाइ गराउनु भयो,' जनमत पार्टीका प्रवक्ता शरदसिंह यादवले भने ,नेपाल सरकार निरंकुश बन्न थालेको छ ।

निषेधित क्षेत्रमा भेला भएको भन्दै प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएको थियो । प्रहरीले नियन्त्रणमा लिने क्रममा जनमतका नेता, कार्यकर्ता र प्रहरीबीच घम्साघम्सी भएको थियो ।

जनमत पार्टीका अध्यक्ष डा.राउतले कुनै मन्त्रीले हचुवाको भरमा बोल्दा र भ्रष्टाचार गर्दा पनि पक्राउ नगर्ने सरकारले मधेशी भएकै कारण आफूहरुलाई पक्राउ गरेको आरोप लगाए ।

प्रहरीको पनि मानसिकता जतिखेर पनि समात्न पाए हुन्थ्यो भन्ने देखिएको आरोप लगाउँदै उनले भने,'अरु राष्ट्रिय पार्टीका अध्यक्षलाई समातेर देखाओस् त । यो त मधेशी पार्टीको हो भनेर समातिहाल्ने ।'

# कांग्रेसबाट ६२ जनाको नाम सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेश समितिले राष्ट्रिय सभाको रिक्त सदस्य पदका लागि ६२ जनाको नाम सिफारिस गरेको छ ।

कांग्रेस स्रोतका अनुसार सिफारिस भएकामध्ये ५० जना पुरुष र १२ जना महिला रहेका छन् । मधेश प्रदेशमा राष्ट्रिय सभाको २ सदस्य पद रिक्त भएको छ । त्यसमध्ये १ जना जनता समाजवादी पार्टी (जसपा) र १ जना नेपाली कांग्रेसका रहेका छन् ।

राष्ट्रिय सभा सदस्य पदको पुस २३ गते उम्मेदवारी दर्ता कार्यक्रम रहेको छ । नेका मधेश प्रदेशका सभापति समेत रहेका मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णा यादवले जिल्लाहरुबाट सिफारिस भइ आएका सबै नामहरुलाई केन्द्र पठाइएको बताए ।

'नेपाली कांग्रेसले राष्ट्रिय सभा सदस्य पदका लागि विधान अनुसार सबैको नाम सिफारिस गरेको छ । ' उनले भने कांग्रेसमा राष्ट्रिय सभा सदस्य पदका लागि प्रत्यासी धेरै भए पनि मधेश प्रदेशले जिल्लाको सिफारिसलाई आधार बनाएको छ ।

## जयसवाललाई एक अर्बभन्दा बढी विगो र ८ बर्ष कैद

**टुडे समाचारदाता**

काठमाण्डु । सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा दोषी ठहर भएका प्रमोदकुमार जयसवाललाई ८ वर्ष कैद तथा एक अर्ब रुपैयाँभन्दा बढी बिगो र जरिवाना हुने फैसला भएको छ ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठसहितको इजलासले सोमबार कसुर निर्धारण गर्दै जयसवाललाई ४१ करोड ५१ लाख ६९ हजार २ सय ७५ रुपैयाँ बिगो र बिगोको दोब्बर ८३ करोड ३ लाख ३८ हजार ८ सय ५० रुपैयाँ जरिवाना तिराउने फैसला गरेको विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले बताए ।

प्रवक्ता कार्कीका अनुसार उक्त कसुरमा अर्का प्रतिवादी पप्पु ठाकुरलाई ३ करोड ६७ लाख १४ हजार रुपैयाँ बिगो, ७ करोड ३४ लाख २८ हजार जरिवाना र ५ वर्ष कैद हुने फैसला भएको छ ।

नक्कली कागजातका आधारमा फर्म खडा गरेर नेपाली रुपैयाँ विदेश लगेको आरोप उनीहरूमाथि थियो । सो आरोपमा जयसवाल र ठाकुर यसअघि नै दोषी ठहर भएका थिए भने सोमबार सजाय सुनाइएको छ ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९




मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

आवश्यकता

यस अंजनी सुइटका लागि तपसिलका कर्मचारीको आवश्यकता भएकोले सो पदमा कार्य गर्ने इच्छुक महानुभावहरुले सम्पर्क गर्न हुन जानकारी गराईन्छ ।

| सि. नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १. | लेखापाल (पुरुष/महिला) | १ (एक) | कम्प्युटरको शीप भएको |
| २. | रिसेपनिष्ट (महिला) | केही | कम्प्युटरको शीप भएका |

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

ANJANI SUITE

विशेषताहरु
♦ लक्जरीयर्स रुमहरु
♦ ठुलो पार्किङ्ग
♦ जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
♦ EV चार्जिङ्ग स्टेशनको व्यवस्था
♦ मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
♦ विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था



# विद्युत् व्यापारबारे मन्त्रीसँग जवाफ लिने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले नेपाल-भारतबीचको विद्युत् व्यापारसम्बन्धीसम्झौतालगायतका विषयमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीसँग जानकारी लिने भएको छ।

समितिका सोमबारको बैठकमा सदस्यले उक्त सम्झौतालगायतका विषयमा पटक-पटक पत्राचार गरी जानकारी माग गरेकामा जवाफ प्राप्त नभएको जनाउँदै आगामी बैठकमा मन्त्रीलाई नै आमन्त्रण गर्न सुझाव दिएका थिए।



उद्योग, व्यपार र अन्तर ाष्ट्रिय सम्बन्धका हिसाबले प्राथमिकता र चासोका रुपमा रहेको विद्युत् विकाससम्बन्धी विधेयकलाई चाँडो निष्कर्षमा पुऱ्याउनुपर्नेमा सदस्यहरुले जोड दिए । सदस्यहरुको सुझावका आधारमा समितिले विद्युत्सम्बन्धी डेडिकेटेड र ट्रङ्क लाइनका विषयमा उठेका प्रश्नबारे पनि मन्त्रीसँग समितिले जानकारी लिने तयारी गरेको छ।

राष्ट्रिय गौरवसहित प्राथमिकता प्राप्त कतिपय विद्युत् आयोजना कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि समितिका तर्फबाट गर्नुपर्ने आवश्यक सहयोगका सम्बन्धमा पनि मन्त्रालयका पदाधिकारीसँग समितिले थप छलफल गर्ने तयार ीसमेत गरेको छ।

बैठकमा राष्ट्रियसभामा प्रवेश भई सुझावसहित प्रतिवेदन समितिमा प्राप्त भएको विद्युत् व्यापार विधेयक, २०८० लाई समृद्ध तुल्याउने सन्दर्भमा संशोधन प्रक्रिया तथा सरोकारवाला र विशेषज्ञसँग रायसुझाव लिनेबारे विस्तृत छलफल भयो । गत असोज २६ गते समितिलाई प्राप्त भएको उक्त विधेयक ९६ जनाको संशोधन परेको छ।

समितिले सो विधेयकका अतिरिक्त सडक पूर्वाधारलगायतका आयोजना कुनै काम नभएर वर्षौंदेखि अल्झेर बसेका आयोजना निर्माणको वातावरण बनाउन र ठोस कदम चाल्न रायसुझाव सङ्कलन गर्न १० सदस्सीय कार्यदल बनाउने निर्णय गरेको छ।

कार्यदलमा नेपाली कांग्रेस र नेकपा(एमाले)का दुई/दुई तथा समितिमा प्रतिनिधित्व रहेका अन्य दलका एक-एक जना प्रतिनिधि रहने सभापति दीपकबहादुर सिंहले बताए । केही सदस्यले सडकलगायतका भौतिक पूर्वाधार समयमा सम्पन्न नहुनुमा ठेकेदार नै बढी दोषी देखिए पनि केहीमा भने सरकारले समयमा बजेट निकास नहुँदा अल्झनमा परेको घटना सुनाए।

सदस्यले आफ्नो क्षेत्रभित्रको कार्यसम्पादनमा सबैको स्वामित्व रहने गरी वार्षिक कार्ययोजना बनाउन तथा विद्युत्सम्बन्धी विधेयकलाई समृद्ध तुल्याउने सन्दर्भमा छलफलका लागि बोलाइने विषय विज्ञको 'रोस्टर' तयार गर्न बैठकले समिति सचिवालयलाई निर्देशन दिए।

उनीहरुले समिति जति प्रभावकारी भयो सरकारको कार्यप्रगतिमा त्यति नै सुधार आउने विश्वास व्यक्त गर्ने जनतालाई परेको समस्या समयमै सम्बोधन गर्ने हिसाबले कानुन निर्माणमा सक्रिय हुनुपर्नेमा जोड दिए । सदस्यहरुले कतिपय रुग्ण आयोजनाको निर्माण समयसीमा थपिरहने, काम नहुने र लागत बढिरहने अवस्था सदाका लागि अन्त्य गर्नुपर्ने धारणा राखेका थिए।

# सहिद पार्कलाई युद्ध सङ्ग्रहालय बनाइने

**टुडे समाचारदाता**

गोरखा । गोरखाको बारपाक सुलिकोट गाउँपालिका-८ स्थित पन्द्रुङ माओवादी जनयुद्धका क्रममा राज्यपक्षबाट मारिएका प्रथम सहिद दिलबहादुर रम्तेलको गाउँ हो । गाउँपालिकाको केन्द्र ताकुकोट नजिकै पर्ने पन्द्रुङमा मनमोहक देखिने जराङ डाँडा छ। करिब ८ दशमलव ६ रोपनी क्षेत्रफलमा फैलिएको त्यहीँ डाँडा अहिले जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलको सम्झनामा सहिद स्मृति पार्कका रुपमा विकास भएको छ।



ध्याम्पेसाल ताकुकोट सडकखण्डको छेवैमा पर्ने सहिद स्मृति पार्कलाई अब सहिद स्मृति पार्कमात्र नभएर युद्ध सङ्ग्रहालयका रुपमा विकास गर्न लागिएको गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिए । पार्क निर्माण सम्पन्न नहुँदै सयौँको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक 'दिलबहादुर रम्तेल स्मृति पार्क'को अवलोकन गर्नका लागि त्यहाँ पुग्ने गरेको उनको भनाइ छ।

पार्कमा जनयुद्धकालीन समयमा तत्कालीन माओवादी जनमुक्ति सेनाले प्रयोग गरेका हातहतियार, सञ्चार सामग्री तथा ऐतिहासिक दस्तावेजसमेत प्रदर्शनीका लागि राख्न लागिएको उनले बताए। "लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि जनयुद्धमा भएका बलिदानीलाई अध्ययन गर्न पाउने सङ्ग्रहालयका रुपमा स्मृति पार्कलाई युद्ध सङ्ग्रहालयका रुपमा विकास गर्न लागिएको छ", उनले भने, "अब छिट्टै बाँकी रहेका काम सम्पन्न गरिनेछ।"

नयाँ पुस्तालाई युद्धसम्बन्धी इतिहासको चित्रण गराउन, जनयुद्धको सुरुआत, युद्ध र शान्ति सम्झौताको चित्रण गराउनसमेत युद्ध सङ्ग्रहालयले भूमिका खेल्ने अध्यक्ष भट्टको भनाइ छ । युद्ध सङ्ग्रहालयमा जनयुद्धकालीन इतिहास अध्ययन गर्न भिडिओ कक्षलगायत ई-लाइब्रेरीसमेत राखिने छ भने तत्कालीन जनमुक्ति सेनाले प्रयोग गरेका पोषाक, तत्कालीन समयमा संवाद गरिएका पत्र पनि रहनेछन्।

"जनयुद्धकालीन सबै इतिहासलाई समेट्ने गरी सामग्री खोजी गरी सङ्कलन गरेर सङ्ग्रहालयमा राख्ने तयारी गरिरहेका छौँ", उनले भने, "पार्कभित्र पोखरी, भ्यूटावरसमेत रहनेछ ।" पार्कमा जनयुद्धका क्रममा ज्यान गुमाएका गोरखाका सबै सहिदको नाम शिलालेखमा राखिएको छ।

"सहिद स्मृति पार्कमा घुम्न, हेर्न र अध्ययन गर्नका लागि जिल्लाभित्र र बाहिरबाट समेत पर्यटक यहाँ आउने गरेका छन्", उनले भने, "यसले जनयुद्धको इतिहासलाई जीवन्त बनाइराख्न मात्र नभएर बारपाक सुलिकोट गाउँपालिकाभित्र पर्यटक भित्र्याउनसमेत सहयोग पुग्ने विश्वास लिइएको छ।" पार्कभित्र टिकट काउन्टर निर्माण गरिएको छ भने बनभोजका लागि स्थान बनाइएको छ।

पार्कमा प्रथम सहिद दिलबहादुर रम्तेलको सालिक निर्माण गरिएको गाउँपालिकाका इञ्जिनियर अभिनव गौतमले जानकारी दिए । पार्कलाई युद्ध सङ्ग्रहालयका रुपमा विकास गर्दै थप व्यवस्थापन गर्नका लागि गाउँपालिकाले गण्डकी प्रदेश सङ्ग्रहालयका प्रतिनिधिलगायतका सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरेको छ।

"पार्क निर्माणमा करिब रु आठ करोड लाग्ने अनुमानसहित डिपिआर तयार गरी निर्माण सुरु भएको थियो", इञ्जिनियर गौतमले भने, "अहिलेसम्म लगभग रु पाँच करोडको हाराहारीमा पार्क निर्माण भइरहेको छ।"

# बाल सुधारगृहका बालबन्दीबीच फेरि विवाद




**टुडे समाचारदाता**

जानकी । बाँकेको नौबस्ता क्षेत्रीय कारागारमा सञ्चालित बालसुधार गृहमा बालबन्दीबीच फेरि विवाद सुरु भएको छ । डुडुवामा रहेको बालसुधार गृहबाट लगिएका १८ वर्षभन्दामाथिका बालबन्दीबीच शुक्रबारदेखि विवाद सुरु भएको हो। तर अहिले अवस्था सामान्य रहेको उक्त बालसुधार गृहका प्रमुख श्याम रानाले बताए।

बालसुधार गृहका प्रमुख रानाले भने, "डुडुवास्थित जयेन्दु बालसुधार गृहमा विसं २०८० असोज ४ गते तोडफोड र झगडा गरेका दुई समूह यस बालसुधार गृहमा राखिएका छन्। तिनै दुई समूहका बालबन्दीबीच उतिबेलाको विषयलाई लिएर झगडा भएको हो । अहिले अवस्था केही सामान्य बनेको छ।"

डुडुवा गाउँपालिका-६ असमानपुरस्थित बालसुधार गृहमा गत असोज ४ गते राति बालबन्दीबीचमा भएको झडपमा परी एक बालबन्दीको ज्यान गएको थियो भने ११ जना घाइते भएका थिए । त्यसपछि उनीहरुलाई नौबस्ता क्षेत्रीय कारागार सारिएको थियो । तर उनीहरुले नौबस्ता कारागारबाट पनि बाल बिज्याइँ गर्न सुरु गरेको रानाको भनाइ छ।

बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले नौबस्ता कारागारको बालसुधार गृहमा कुनै प्रकारको घटना नघटोस् भन्दै सुरक्षासमेत बढाइएको बताए। "अहिले अवस्था सामान्य छ । तर कुनै प्रकारको घटना नघटोस् भनेर सुरक्षा व्यवस्थालाई हामीले थप बलियो बनाएका छौँ", प्रजिअ पोखरेलले भने, "एक समूहले बिहानदेखि खाना खाएका थिएनन् । उनीहरुलाई खाना खुवाउने सहमतिमा सुरक्षाकर्मीभित्र पसेका छन्। सोही क्रममा बालबन्दीको अवस्था बुझ्नेक्रम जारी छ।"

नौबस्तामा क्षेत्रीय कारागार सञ्चालन गरिए पनि त्याहाँका चार वटा ब्लकमध्ये एउटा ब्लकमा बालसुधार गृह सञ्चालन गरिएको छ।

क्षेत्रीय कारागार नौवस्तामा रहेको बालसुधार गृहमा हाल एक सय २६ जना बालबन्दी छन् । उक्त स्थानमा हाल पर्साबाट १५, हेटौँडाबाट १८, रूपन्देहीबाट १४ र बाँकेको आसमानपुर बालसुधार गृहबाट ७९ बालबन्दीलाई राखिएको छ।

# यातायातमन्त्री र श्रम मन्त्रालयको भूमिकाबारे छानबिन गर्न निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले ललितपुरको बालकुमारीमा शुक्रबार मानवीय तथा भौतिक क्षति हुनेगरी भएका घटनाका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिकाका बारेमा छानबिन गर्न सरकारलाई निर्देशन दिएको छ।

प्रदर्शनकारीले भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला सवार सवारीमा आगजनी गरेका थिए।

सरकारले सो घटनाको निष्पक्ष र वस्तुगत अनुसन्धान गर्न उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ।

बैठकले मृतकका परिवारलाई थप आर्थिक राहत तथा मृतकका परिवारलाई रोजगारीका अवसर उपलब्ध गराउन सरकारलाई निर्देशन दिएको समिति सभापति रामहरि खड्काले जानकारी दिए। बैठकले सुरक्षा निकायलाई पर्याप्त मात्रामा आवश्यक स्रोत साधन उपलब्ध गराउन निर्देशन दिएको छ।



समितिको सोमबारको बैठकले आगामी दिनमा यस प्रकारका घटना नहोस् भनी सम्बन्धित सबै पक्षलाई सजग र जिम्मेवार रहनसमेत निर्देशन दिएको छ । बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा शुक्रबार अछाम चौरपाटी गाउँपालिका-१ का वीरेन्द्र शाह र दैलेख महाबु गाउँपालिका-६ का सुजन राउतको मृत्यु भएको थियो।

समितिको बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, प्रहरी महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलगायतको उपस्थिति थियो।

# अपराध अनुसन्धानमा सहयोगी बन्दै राजमार्गका सिसिटिभी

**टुडे समाचारदाता**

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका- १० झलारी बजारमा केही महिनाअघि रातको समयमा चोरले पसलको ताला फोडेर मदिरा चोरी गरे । चोरले मदिरा लग्दै गरेको दृश्य सिसिटिभीमा कैद भयो । सोही आधारमा प्रहरीले चोरलाई समात्न सक्यो।

झलारी बजारकै व्यापारी कमला ऐरको पसलअघि राखिएको एक साइकल चोरी भयो। सिसिटिभीमा साइकल चोरी गरेर लग्दै गरेका व्यक्तिको तस्विर देखियो। प्रहरीले सोही तस्विरका आधारमा व्यक्तिको खोजी गर्दा साइकलसमेत भेटियो।

इलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक ईश्वर थापा सिसिटिभी क्यामेरा पूर्वपश्चिम राजमार्गमा जडान गरिँदा अपराध अनुसन्धानमा सजिलो भएको बताउछन् । "सडक क्षेत्रमा सिसिटिभी क्यामेरा जडान हुँदा यात्राका क्रममा सवार ीसाधनमा छुटेका, हराएका सामान बहुमूल्य गरगहना खोजी गर्न सकिएको छ", उनले भने, "त्यस्ता सामान खोजी गरी सम्बन्धित व्यक्तिलाई बुझाउन सिसिटिभी क्यामेरा सहयोगी बनेको छ।"

सवारी दुर्घटना, विभिन्न आपराधिक घटनामा संलग्नको पहिचान गरी अनुसन्धानमा सहजता भएको उहाँको भनाइ छ । सडक क्षेत्रका मुख्य बजार क्षेत्रमा हुने ट्राफिकसम्बन्धी समस्या कार्यालयमा राखिएको मोनिटरमा हेरेर नियन्त्रणका लागि प्रहरी परिचालन गरी नियन्त्रणसमेत हुँदै आएको उनले सुनाए।

राजमार्ग क्षेत्रको शुक्लाफाँटाबाट कृष्णपुर नगरपालिका क्षेत्रसम्म ६२ वटा सिसिटिभी क्यामेरा जडान गरिएका छन्। जसमध्ये सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा २२, शुक्लाफाँटा नगरपालिकाको सहयोगमा १२ र कृष्णपुर नगरपालिकाको सहयोगमा २९ वटा क्यामेरा जडान गरिएका छन्। राजमार्गका मुख्य बजार क्षेत्रका व्यापारी र घरधनीलेसमेत आफ्नै लगानीमा सिसिटिभी क्यामेरा जडान गर्न थालेका छन्।

> सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ मा रु एक करोड ७१ लाखमा पूर्वपश्चिम राजमार्गको कैलाली कञ्चनपुरमा एक सय ३८ वटा सिसिटिभी जडान गरेको थियो ।

सुदूरपश्चिम प्रदेश सरकारले तीन वर्षअघि जडान गरेका सिसिटिभीमध्ये केही बिग्रिएकाले मर्मत गर्नुपर्ने शुक्लाफाँटा उद्योग वाणिज्य सङ्घका अध्यक्ष धीरेन्द्र साउदले बताए। "बिग्रिएका सिसिटिभी क्यामेरा तत्काल मर्मत गरी सञ्चालनमा ल्याउनुपर्छ", उनले भने, "थप सिसिटिभी क्यामेरा जडानका लागि स्थानीय तहले काम अघि बढाउनुपर्छ ।" सिसिटिभी क्यामेराले गर्दा आपराधिक क्रियाकलाप नियन्त्रण आएको उनको बुझाइ छ।

शुक्लाफाँटा नगरप्रमुख रणबहादुर महराले आवश्यकता भएका नगरपालिकाको क्षेत्रभित्र पर्ने पूर्वपश्चिम राजमार्ग क्षेत्र र राजमार्गसँगै जोडिएका मुख्य बजार क्षेत्रमा थप सिसिटिभी क्यामेरा जडान गरिने बताउछन् । नगरपालिकाबाट राजमार्ग छेउछाउ, वडा कार्यालयले आपराधिक क्रियाकलाप हुने क्षेत्रसँगै जङ्गली जनावरको ओहोरदोहोर हुने क्षेत्रमा समेत नाइटभिजन सिसिटिभी जडान गरेको उनको भनाइ छ।

सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ मा रु एक करोड ७१ लाखमा पूर्वपश्चिम राजमार्गको कैलाली कञ्चनपुरमा एक सय ३८ वटा सिसिटिभी जडान गरेको थियो। राजमार्गको कैलाली खण्डमा ९२ र कञ्चनपुरमा ४२ स्थानमा सिसिटिभी जडान गरेको छ। सिसिटिभी क्यामेराको निगरानी गर्न राजमार्ग क्षेत्रका इलाका प्रहरी कार्यालयमा स्टेशन बनाइएको छ।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथून | : सुख समृद्धि हुने। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| बृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : बौद्धिक क्षमता। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : शिक्षामा उन्नति। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मोरङको सुन्दरहरैँचा नगरपालिका-१० मुनालभ्फोडास्थित जनजागरण सामुदायिक वनभित्र गोली हानेर हत्या गरिएको जङ्गली हात्ती। सोमबार मृत अवस्थामा फेला परेको जङ्गली हात्तीको पुच्छर काटेर गायब गरिएको छ। *तस्बिर : रासस*

# बालकुमारी घटनामा पीडित पक्ष र सरकारबीच सहमति



**टुडे समाचारदाता**

काठमाण्डु । ललितपुरको बालकुमारीमा शुक्रबार भएको प्रदर्शनमा मृत्यु भएका व्यक्तिका परिवार र सरकारबीच चारबुँदे सहमति भएको छ। गृहमन्त्रालयमा सोमबार भएको छलफलपछि सरकार र पीडित पक्षबीच मृतकका परिवारका १/१ जना सदस्यलाई उपयुक्त खालको रोजगारी यथाशीघ्र उपलब्ध गराउने सहमति भएको हो।

दुई पक्षबीच सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त थप राहत उपलब्ध गराउनका लागि यथाशीघ्र आवश्यक सहजीकरण गर्ने, मृतकलाई शहीद घोषणाका लागि पहल गर्ने, मृतकका परिवारले आजै शव बुझिलिने र शव सम्बन्धित जिल्लामा पुऱ्याउन गृह मन्त्रालयले पहल गर्ने सहमति भएको छ।

सो सहमतिमा सरकारका तर्फबाट गृह मन्त्रालयका उपसचिव उमाकान्त अधिकारी र मृतक परिवारका तर्फबाट टेकबहादुर शाह र टेकबहादुर कटुवालले हस्ताक्षर गरेका छन्।

बालकुमारीस्थित रोजगार अनुमति प्रणाली(इपिएस) कोरिया शाखा कार्यालयमा परीक्षा फाराम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा शुक्रबार अछाम चौरपाटी गाउँपालिका-१ का वीरेन्द्र शाह र दैलेख महाबु गाउँपालिका-६ का सुजन राउतको मृत्यु भएको थियो।

सरकारले सोमबारनै उक्त घटनाको निष्पक्ष र वस्तुगत छानबिनका लागि उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुण विसी र गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई सदस्य रहेको जाँचबुझ आयोग गठन गरेको थियो।

# 'कैफियत प्रतिवेदन' झिकाउने आदेश



**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतले नक्कली भूटानी शरणार्थी प्रकरणमा पूर्वमन्त्री टोपबहादुर रायमाझी र सचिव टेकनारायण पाण्डेलाई थुनामा राख्ने आदेश दिनुको 'कैफियत प्रतिवेदन' झिकाउने आदेश गरेको छ।

न्यायाधीश कुमार रेग्मीको एकल इजलासले निजहरुलाई थुनामा राख्नुपर्ने कारणसहितको कैफियत प्रतिवेदन उच्च अदालत पाटनबाट झिकाउने आदेश गरेको सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिए।

थुनामै राखेर मुद्दाको प्रक्रियाअघि बढाउन माग गर्दै उच्च अदालत पाटनको आदेशविरुद्ध रायमाझी र पाण्डेले सर्वोच्च अदालतमा निवेदन दिएका थिए। उक्त निवेदनमाथि सुनुवाइ गर्दै अदाललते कैफियत प्रतिवेदन झिकाउन आदेश गरेको हो।उक्त प्रकरणमा पूर्वमन्त्री रायमाझी र सचिव पाण्डेलाई जिल्ला अदालत काठमाडौँले थुनामा राख्न आदेश गरेको थियो। जिल्ला अदालतको सोही आदेशलाई उच्च अदालत पाटनले सदर गरेको थियो।

# विद्यालयमा 'पेलिकन' प्रणाली जडान गर्दै कामपा




**टुडे समाचारदाता**

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले विद्यालय अगाडिका ३६ स्थानमा अन डिमान्ड पेडेष्ट्रियन क्रसिङ (पेलिकन) सडक पार गर्नका लागि सहज गराउने प्रणाली जडान गर्ने तयारी गरेको छ।

यसअघि बबरमहलमा यस प्रणाली जडान गरिसकेको कामपाले अब २६ वटा सामुदायिक विद्यालय र १० वटा निजी विद्यालय गरी ३६ स्थानमा उक्त प्रणाली जडान गर्न लागेको कामपा ट्राफिक व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिए। यस वर्ष ३६ वटा विद्यालयमा राख्ने तयारी भए पनि आगामी दिनमा आवश्यकताअनुसार जोखिम हेरेर अन्य विद्यालयमा पनि यस किसिमको व्यवस्था गर्ने बताइएको छ।

हाल कामपामा ८९ सामुदायिक पाँच सय चार निजी विद्यालय सञ्चालित छन्। श्रेष्ठले भने, "मुख्य सडकसँग जोडिएका सबै विद्यालयमा यस किसिमको प्रणाली जडान गरिने छ। यस कार्यक्रमका लागि कामपाले चालु आर्थिक वर्षमा रु दुई करोड बजेट विनियोजन गरेको छ। यस प्रणाली जेब्रा क्रसतिर हरियो र सवारी गुड्नेतर्फको सडकमा रातो बत्ती बालेर पैदल यात्रीले सडक पार गर्न सहज गराउँदछ।

विद्यालय आउने र जाने समयमा दुर्घटनाको जोखिम बढेको हुनाले कामपाले यस किसिमको प्रणाली जडान गर्न लागेको हो। यसले बालिबालिकालाई सडक सुरक्षा प्रदान सहयोग पुग्छ भने भविष्यका सडक प्रयोगकर्ता (बालबालिका) लाई सडक सुरक्षाका विषयमा व्यावहारिक ज्ञान दिने विश्वास कामपाले लिएको छ। पैदलयात्रीले स्विच थिचेपछिको पाँच सेकेन्डमा जेब्रा क्रसतर्फ हरियो र सवारी गुड्नेतर्फ रातो बत्ती बल्छ। एकपटक थिचेपछि ३० सेकेन्ड बत्ती बल्छ।

पहिलो ३० सेकेन्ड बत्ती बलेको अवधि सकिएपछिको दुई मिनेटमा मात्र पैदलयात्रीले अर्को पटक बटन थिच्न सक्छन्। दुई मिनेटपछि मात्र जेब्रा क्रसतर्फ फेरि बत्ती बाल्न सकिन्छ। विद्यालय क्षेत्रमा राखिसकेपछि आवश्यकताअनुसार पैदलयात्रीको ठूलो चाप रहेको अन्य स्थानमा पनि यस किसिमको प्रणाली जडान गर्ने तयारी कामपाको छ। यसकारण पटकपटक पैदल यात्री दुर्घटनामा पर्ने गरेका छन्। प्रणाली जडान भएपछि पैदल यात्रीहरूले सवारी साधन रोकिएको यकिन भएपछि मात्र सडक पार गर्ने अवसर हुने विश्वास कामपाको छ।

# ओनिम्सद्वारा विशेष अभियान

**टुडे समाचारदाता**

काठमाण्डु । गणितज्ञ महिलाहरुको छाता संस्था ' गणित विज्ञानमा नेपाली महिला' (ओनिम्स) ले विद्यालयदेखि विश्वविद्यालयसम्मका विभिन्न तहमा गणित पढाइरहेका महिलालाई अध्ययन, अनुसन्धान र प्राज्ञिक खोजतर्फ प्रेरित गर्न विशेष अभियान थाल्ने भएको छ।

संस्थाको हालै सम्पन्न छैटौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले यससम्बन्धी कार्ययोजना पारित गरेको थियो। कार्ययोजनाअनुसार संस्थाले गणित विषय र गणित शिक्षाको आवश्यक प्रचारप्रसार गरी महिला विद्यार्थीलाई गणितको अध्ययन र अनुसन्धानतर्फ आकर्षित गर्न 'स्टुडेन्ट स्टुडेन्ट स्टिम क्लब' स्थापना गरी ज्ञानवर्द्धक र प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गर्नेछ। यसैगरी, सार्वजनिक र निजी विद्यालयसँग गणितका पाठ्यक्रमको उपयोगिता, प्रश्नपत्र तथा गणितका अन्य शैक्षिक सामग्री निर्माण र यसको प्रयोगसम्बन्धी छलफल कार्यक्रम सञ्चालन गर्ने योजना पनि संस्थाको छ।

यसका साथै अन्तरराष्ट्रिय स्तरका गणित शोध र अनुसन्धानलाई तीव्रता दिँदै जाने र स्थानीय सरकारहरुसँग समेत सहकार्य गरी गणितीय अनुसन्धान अघि बढाउने योजनासमेत अधिवेशनले पारित गरेको छ। साथै गणितमा महिलाको सशक्त सहभागिताका लागि राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका एक /एक गणित सम्मेलन गर्ने, गणित अध्ययनमा महिला छात्रवृत्तिका लागि पहल गर्ने योजना पनि अधिवेशनले पारित गरेको छ।

गणितको क्षेत्रमा अन्तरराष्ट्रिय स्तरको खोज अनुसन्धानका अवसर उपलब्ध गराउन यो कार्ययोजना निर्माण गरिएको जानकारी नवनिर्वाचित अध्यक्ष सहप्राध्यापक धनकुमारी थापाले दिए।

अधिवेशनले आगामी तीन वर्षका लागि सहप्राध्यापक थापाको अध्यक्षतामा ११ सदस्यीय ओनिम्स कार्यसमितिसमेत निर्वाचित गरेको छ। सर्वसम्मत निर्वाचित उक्त कार्यसमितिको उपाध्यक्षमा डा कविता लुइँटेल, सचिवमा सहप्राध्यापक तारा पौडेल, सहसचिवमा डा गौरी भुजु र कोषाध्यक्षमा उपप्राध्यापक सरला लुइँटेल हुनुहुन्छ। यसैगरी, सदस्यहरुमा रचना जोशी, राधादेवी श्रेष्ठ, डा शर्मिला श्रेष्ठ र डा रुमा मानन्धर सर्वसम्मत निर्वाचित भएको छ। संस्थाको विधानअनुसार बाँकी दुई सदस्य नवनिर्वाचित कार्यसमितिको प्रथम बैठकले गर्ने जानकारी पनि अध्यक्ष थापाले दिए। कार्यक्रममा काठमाडौँ विश्वविद्यालयका पूर्वरजिष्ट्रार प्राध्यापक डा भद्रमान तुलाधरले ओनिम्स बुलेटिन पहिलो अङ्कको विमोचन गरेका थिए।

# वरिष्ठ पत्रकार पोखरेलको निधन

**टुडे समाचारदाता**

काठमाण्डु । वरिष्ठ पत्रकार गोकुलप्रसाद पोखरेलको ८७ वर्षको उमेरमा त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा सोमबार निधन भएको छ।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य, नेपाल प्रेस इन्स्टिच्युट (एनपिआई) का संस्थापक महासचिव र दुई कार्यकाल अध्यक्ष भएका पोखरेल गोरखापत्र दैनिकका पूर्वसम्पादक र 'मुना' बाल मासिक (बालपत्रिका) का संस्थापक प्रधानसम्पादक पनि थिए। गोरखापत्र संस्थानको राष्ट्रिय पत्रकारिता पुरस्कार प्राप्त पोखरेल पछिल्लो समयमा फोक्सोसम्बन्धी समस्याबाट पीडित थिए। पत्रकारितामा स्नातकोत्तर र अङ्ग्रेजी साहित्यमा पनि दखल राख्नुहुने पोखरेलले अस्पतालको शय्याबाटै काठमाडौँ उपत्यकामा वातावरण प्रदूषण वृद्धि हुँदा चिन्ता व्यक्त गर्दै यसका लागि जनचेतना जगाउन जोड दिएका थिए। धनकुटाको कोचिण्डेमा विसं १९९३ मा जन्मेका पोखरेल काठमाडौँ बस्दै आएका थिए।

एनपिआईका कार्यसमिति सदस्य कपिल काफ्लेका अनुसार पोखरेलको सोमबार बिहान १० :३० बजे निधन भएको हो। उनले पोखरेल नेपाली पत्रकारिताका धरोहर रहेको बताए। पोखरेलका छोरा अष्ट्रेलियाबाट आएपछि पार्थिव शरीरलाई मङ्गलबार बिहान अन्त्येष्टि गरिने जनाइएको छ। दिवङ्गत पोखरेलका श्रीमती, एक छोरा र दुई छोरी छन्।

# केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा, कानुन, न्याय तथा मानव अधिकार समितिमा 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' माथि संशोधनकर्तासँग छलफल प्रारम्भ भएको छ।

समितिको सोमबारको बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले विधेयकलाई लोकतान्त्रिक बनाउन बृहत्तर छलफल आवश्यक रहेको बताए। यसका लागि आवश्यकताअनुसार सम्बन्धित मन्त्रालयसँग थप छलफल तथा सहकार्य गरिने उनले जानकारी दिए।

बैठकमा समितिका सदस्य सुमना श्रेष्ठले समकक्षता, उच्च शिक्षा सुधारसम्बन्धी संशोधन प्रस्ताव राख्नुभयो। समितिका सदस्य डा अमरेशकुमार सिंहले एकैपटक ८० कानुन संशोधन गर्नु अलोकतान्त्रिक भएको जिकिर गरे।

समितिका सदस्य महेशकुमार बर्तौलाले लोकतान्त्रिक कानुन बनाउन सम्बन्धित विषयमा विषयगत मन्त्री तथा विषयविज्ञको उपस्थितिमा गहन छलफल गर्नुपर्ने आवश्यकता औँल्याए।

बैठकमा समितिका सदस्यहरु पदम गिरी, बद्रीप्रसाद पाण्डे, सोविता गौतम, सूर्य थापा अजुननरसिंह केसी, रघुजी पन्तलगायतले कानुनलाई लोकतान्त्रिक बनाउन सम्बन्धित मन्त्रालयगत र विषय विज्ञहरुसँग छलफल गरी निष्कर्ष निकाल्नुपर्ने सुझाव दिए।

# बजार मागमा अपेक्षित सुधार हुन नसकेको सिएनआइको ठहर

**टुडे समाचारदाता**

काठमाण्डु । निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग परिसङ्घ (सिएनआइ) को एक अध्ययनले बजार मागमा सुधार हुन नसकेको देखाएको छ। पछिल्लो समय अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक हुँदै गएको र बजार चलायमान हुन थालेको सरकारले बताइरहेका बेला सिएनआइ यो अध्ययन सार्वजनिक भएको छ।

उपभोक्ता बजार मागमा देखिएको सङ्कुचनमा अपेक्षित सुधार हुने नसकेको परिसङ्घको अध्ययनले देखाएको हो। परिसङ्घले उद्योग व्यवसायस्तरमा गरेको सर्वेक्षणअनुसार समग्र बजार माग खस्किएको, कच्चा पदार्थको मूल्य निरन्तर उकालो लागिरहेको र उद्योगको कच्चा पदार्थको आयातमा गिरावट आएको देखिएको हो। विगत तीन आर्थिक वर्षको पहिलो त्रैमासको तुलनात्मक अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको परिसंघले जनाएको छ। आज यहाँ एक औपचाकि कार्यक्रमकाबीच अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको हो। अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्नुहुँदै परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्रको प्रतिकूल अवस्थाका कारण गत वर्षदेखि नै उद्योगी-व्यवसायीको मनोबल कमजोर बनिरहेकोमा यसवर्ष पनि यथावत रहेको बताउनुभयो।

सर्वेक्षणअनुसार औद्योगिक उत्पादनको समग्र बजार मागमा अघिल्लो वर्ष २८ दशमलव २८ प्रतिशतले ह्रास आएको थियो। यो चालु आवको सोही अवधिमा थप १२ दशमलव ०६ प्रतिशतले घटेको देखिएको छ। गतवर्षको तुलनामा चालु आर्थिक वर्षमा उद्योगहरूको समग्र मागमा ३६ दशमलव ९३ प्रतिशतले सङ्कुचन आएको अध्ययनबाट देखिएको छ। उद्योगको कारोबार रकम गत आवको पहिलो त्रैमासमा २४ दशमलव ९४ प्रतिशतले घटेकोमा चालु आवको समान अवधिमा सात दशमलव ४६ प्रतिशतले घटेको देखिन्छ। अघिल्लो आवको तुलनामा यो ३० दशमलव ५४ प्रतिशतको सङ्कुचन हो।

सर्वेक्षणअनुसार अघिल्लो आर्थिक वर्षमा ६९ दशमलव ४४ प्रतिशत उद्योगी-व्यवसायीले आफ्नो लगानीका योजना स्थगित गरेको जनाएका थिए भने चालु आवको पहिलो त्रैमासमा ५५ दशमलव ३२ प्रतिशत उद्योगी व्यवसायीले आफ्ना लगानीका योजना स्थगित गरेको जनाएका छन्। यसबाट सरकारले दाबी गरे अनुसार अर्थतन्त्रको अवस्थामा सुधार नआएको परिसङ्घको बुझाइ छ।

परिसङ्घको अध्ययनअनुसार सिमेन्ट उत्पादक उद्योगको समग्र मागमा अघिल्लो वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा सात दशमलव ३६ प्रतिशतको सङ्कुचन आएको छ। पछिल्लो तीन वर्षमा सिमेन्टको समग्र मागमा ४४ दशमलव ५७ प्रतिशतले गिरावट आएको अध्ययनबाट देखिन्छ।

सर्वेक्षणअनुसार निर्माण व्यवसाय क्षेत्रमा गत वर्षको तुलनामा यसवर्ष १६ दशमलव २० प्रतिशतको गिरावट देखिएको छ। आव २०७८/७९ को तुलनामा चालु आव २०८०/८१ मा यस क्षेत्रको समग्र मागमा कूल ५२ दशमलव ५९ प्रतिशतले सङ्कुचन आएको पाइएको छ। निर्माण व्यवसाय क्षेत्रका उद्योगको कारोबार रकम अघिल्लो वर्ष ४३ दशमलव ७१ प्रतिशतले घटेकोमा चालु आवको सोही अवधिमा थप २० दशमलव ८० प्रतिशतले घटेको परिसङ्घले जनाएको छ।

अघिल्लो वर्षको पहिलो त्रैमासमा साना तथा मझौला क्षेत्रको माग दुई दशमलव ५० प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा १७ दशमलव ७० ले गिरावट आएको देखिएको छ। यस क्षेत्रको समग्र मागमा अघिल्लो वर्षको तुलनामा १५ दशमलव ६४ ले सङ्कुचन आएको अध्ययनबाट देखिएको छ।


मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
प्रादेशिक अस्पताल
जनकपुधाम, धनुषा

बोलपत्रको आर्थिक प्रस्ताव खुल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८०।०९।१७

मधेश स्वास्थय विज्ञान प्रतिष्ठान अन्तर्गत संचालित प्रादेशिक अस्पताल जनकपुरधाम, धनुषाको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार मिति २०८०।०६।१९ गते प्रकाशित IFB No. MP/MIHS/NCB/GOODS-2/2080/81; The Procurement of Lab Test Kits and Consumabls बोलपत्रको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा छनौट हुनु भएको श्री आदित्य इन्टरनेशनल, जनकपुरधाम २, धनुषा, श्री लव मेडिकल, जलेश्वर ४, महोत्तरी, श्र बजरंग जेनरल स्टोर, अस्पताल रोड, जनकपुरधाम, धनुषा र श्री ओम मल्टी सिटी एण्ड नेशनल जे.भि., बिरगंज १५, पर्सा बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७८ को प्रयोजनार्थ उक्त बोलपत्रको आर्थिक प्रस्ताव प्रादेशिक अस्पताल, जनकपुरधाम, धनुषामा मिति २०८०।०९।२४ गते दिउँसो ०१:०० बजे खुल्ने भएकोले उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ।

अस्पताल निर्देशक




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सुन तस्करी रोक

सबै प्रकारको तस्करीले राष्ट्रको अहित गर्छ । नेपालबाट हुने सुन तस्करीले देशको अर्थतन्त्रमा गम्भीर असर पारिरहेको छ । नेपालमा सुन उत्पादन हुँदैन् । नेपालले आन्तरिक खपतका लागि सुन आयात नै गर्छ । तर नेपालबाट सुनको तस्करी भारी परिमाणमा हुने गरेको छ । नेपालबाट हुने सुन तस्करी भारतमा जान्छ । भारतसितको सीमामा सुरक्षा व्यवस्था कडा बनाइए पनि तस्करहरुले सुरक्षाकर्मीहरुसितको सेटिंगमा नै सुन भारततर्फ लग्ने गरेका छन् । भारतीय बजारमा सुनको खपत अत्यधिक रहेको छ । मठमन्दिरमा क्विन्टलमा सुन गोप्यदान गरिन्छ । नेपालबाट तस्करी भएर भारत जाने सुनको गुणस्तर राम्रो भएको व्यवसायीहरुको तर्क हुन्छ ।चीनबाट अवैध रुपमा नेपाल ल्याएर भारत पठाउने ठूला गिरोहहरु सकृय छन् । सतही रुपमा तस्करी भएर आउने सुनको नेपाल मार्ग मात्र रहेको देखिन्छ । चीनबाट ल्याएर नेपाल हुँदै भारतमा तस्करी गर्न सर्वाधिक सुरक्षित मानिन्छ । नेपालको मार्ग भएर भारत जाने सुन बापत नेपालमा पाँच सयको भारतीय नोट भित्रिने गर्छ । नेपालमा कानुनी रुपमा पाँच सयको नोट वैध छैन् । तर सीमावर्ती नेपाली बजारमा पाँचको नोट व्यापक चलनचल्तीमा रहेको छ । भारतीय बजारमा पनि नेपाली रुपैयाँमा कारोबार हुने गर्छ । नेपाल र भारत दुबै तर्फको सीमावर्ती बजारमा नेपाली र भारतीय रुपैयाँको चलनचल्ती रहेको छ । भारतमा नेपाली मुद्राको सटही गर्ने कानुनी प्रावधान छैन् । भारतीय रिजर्ब बैंकले नेपाली मुद्रालाई सटहीको सूचीमा राखेको छैन् । नेपालमा पनि भारतीय पाँच सय दरको नोटको चलनचल्तीमा नेपाल राष्ट्र बैंकले रोक नै लगाएको छ । नेपालमा भारतीय एक सय दरको नोट मात्र चलनचल्तीमा रहेको छ । त्यो नोटलाई बैंकले पनि सटही गर्छन् । तर सीमाको भारतीय बजारमा नेपाली नोटलाई नै प्राथमिकताका साथ लिने गरिएको छ । भारतीय नोटको भन्दा नेपाली नोटलाई भारतीय व्यवसायीहरुले उच्च प्राथमिकतामा राखेका छन् । नेपालमा भने भारतीय पाँच सय दरको नोटलाई विनिमय दरको भन्दा सयकडा ४ देखि ५ रुपैयाँ कममा लिने गरिन्छ । भारतीय पाँच सय दरको नेपाली आठ सय रुपैयाँ भए पनि बजारमा ७ सय ५० मा मात्र खरिद गरिन्छ । गत असार, साउन महिनासम्म भारतीय पाँच सय दरको नोट नेपालमा खरिद गर्न सयकडा ५ रुपैयाँसम्म बढी दिनुपर्थ्यो । हाल स्थितिमा परिवर्तन आउनुको प्रमुख कारण सुन तस्करी नै मानिन्छ । नेपाल हुँदै भारतमा तस्करी भएर जाने सुनले भारतीय अर्थतन्त्रमा ठूलो प्रभाव पार्न नसकेपनि नेपालमा त्यसबाट समस्या हुन सक्छ ।

# सांस्कृतिक उत्तेजनाको राजनीति



रोशन जनकपुरी

तपाँईले हिन्दी सिनेमाको यो गीत सुनेको हुनु पर्छ 'जाना था जापान पहुँच गए चीन, समझ गए ना ।'नेपालको वर्तमान राजनीतिमा यस्तै यस्तै देखिएको छ । यो राज्यसत्ता, व्यवस्थापन र राजनीतिक सामाजिक चेतना समेतमा परिलक्षित भै रहेको छ ।

धोती र टोपी दुबै मिलेर वर्षौं गरेको साझा संघर्षको बलमा देशमा संघीय गणतन्त्र स्थापित भैसकेको छ । प्रदेशहरुमा गठित प्रादेशिक सरकारहरु र राजनीतिक पार्टीहरुक्षेत्रगत पहिचान र संस्कृतिको आधारमा जनतालाई अधिकारसम्पन्न बनाउन प्रयत्न छन् । संघीय सरकारमा समेत वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक विभेदमुक्त संघीय गणतन्त्र बनाउन आफ्नै पारामा विवाद, बहस र विमर्शहरु चलिरहेका छन्, र क्रमशः, गति सुस्त नै भएपनि, कछुआतालमा नै भएपनि देशको राजनीति संघीयता र गणतान्त्रिक मनोविज्ञान तर्फ अग्रसर भैरहेको छ । जनसमुदायका कयौं साँस्कृतिक पहिचान र अधिकारका प्रश्नहरु हल भैसकेका छन्, भने कयौं प्रक्रियामा छन् । यस दृष्टिले हेर्ने हो भने साँस्कृतिक पहिचान र अधिकारको दृष्टिले महिला र दलित उपेक्षामा छन् र राजनीतिक, आर्थिक र सामाजिक सरोकारमा उनीहरुको मुक्तिका अधिकांश विषयहरु अहिलेपनि उपेक्षित छन् ।

महिला, दलितहरुको प्रश्न प्रत्यक्षमा साँस्कृतिक र परम्परागत देखिएपनि सारमा यो आर्थिक र वर्गीय प्रश्न नै हो । जहाँसम्म वर्गीय अर्थात धनी र गरिबबीचको अन्तर्विरोध, अर्को शब्दमा समाजको सबैभन्दा तल्लो श्रेणीमा रहेको, आर्थिकरुपमा शोषित र विभेदित विपन्नवर्गको प्रश्न त अहिले छोइएकै छैन । संसदमा होस वा सडकमा, विमर्शमा समेत यो विपन्नवर्ग उपेक्षित नै छ । विचार गर्ने हो भने मधेशी र आदिवासी जनजाति लगायत क्षेत्रगत र साँस्कृतिकरुपमा विभेदित समुदाय होस वा सामाजिक साँस्कृतिक र अर्थराजनीतिकरुपमा राज्यसत्ता, धर्म र बजार सबैक्षेत्रबाट सनातनदेखि नै विभेदित र उत्पीडित हुँदै आएको महिला, दलित र अल्पसंख्यक समुदाय होस, सबैमा अर्थात सम्पूर्ण जनसमुदायको दुइतिहाईभन्दा बढी हिस्सा श्रमजीवि र आर्थिकरुपमा उपेक्षित विपन्न वर्गकै हो । यस्को अर्थ जनसमुदायको आर्थिक विपन्नता समाधान गरिदिने हो भने, र यस्को निम्ति वर्गीय आधारमा राज्यसत्तामा सहभागिता सुनिश्चित गरिदिने हो भने, जनसमुदायका साँस्कृतिक र पहिचानका अधिकांश समस्याहरु हल हुँदै जानेछन् । यस्तोमा वर्तमानमा राजनीतिक पार्टी जनताका अर्थराजनीतिक अर्थात वर्गीय प्रश्नहरु प्राथमिकतामा राख्नु पर्ने हो । अन्य विषयहरु यससंगै समाधान हुँदै जानेछन् ।

समुदायका वर्गीय विभेद र शोषणबाट मुक्तिका प्रश्नहरु बारे विमर्श र यसबाट मुक्तिको निम्ति प्रयत्न र संघर्षहरु भने कठिन छन् । अझ राजनीतिलाई चुनाव जित्ने, संसदमा पुग्ने, सांसद बन्ने, मन्त्री बन्ने, र निजी आर्थिक सम्पन्नताको साधन बुझ्ने राजनीतिक दलहरुको निम्ति त यो झन् कठिन हो । तरपनि राजनीतिक र राज्यसत्तालाई जनसमुदायको हितसंग जोडने हो भने सचेत राजनीतिकशक्ति र जनसमुदायका प्रतिनिधिशक्तिहरुले समेत आफ्नो प्राथमिक एजेन्डा बनाउनु पर्छ । तर विडम्बना के छ यसप्रति न त राजनीतिक दल, न त सरकार र न त, आफूलाई जनसमुदायको गैरराजनीतिक अगुआ भन्ने रुचाउने नागरिक समाजमा नै सचेतना देखिन्छ । बरु फुटाउ र राज गर भन्ने नीति अन्तर्गत पुरानो राज्यसत्ता (पञ्चायती निरकंशु राजतन्त्र र बहुदलिय राजतन्त्रं)ले जन्माएको सत्तालाई नै महिमामण्डित गर्ने संकीर्ण राष्ट्रवादी बिम्ब र प्रतीकहरु र त्यसका विपरीत उपेक्षित जनसमुदायको पंक्तिबाट खडा गरिएका क्षेत्रगत साँस्कृतिक बिम्ब र प्रतीकहरु जस्ता भावात्मक विषयहरुनै वर्तमान राजनीतिको प्राथमिकतामा देखिएका छन् । तात्पर्य के छ भने वर्तमानको सरकार, विपक्ष, राजनीति र नागरिक समाज पुरानो सत्ताको भावनात्मक भूतबाट अलग्गिन सकेको छैन । एकातिर पुरानो सत्ताले गर्व जन्माएको संकीर्ण राष्ट्रियताको बिम्ब र प्रतिक टोपी छ, भने यस्को प्रतिस्पर्द्धामा तराई मधेशमा धोती र गमछा छ, र आदिवासी जनजाति समुदायमा उनिहरुको पारम्परिक पोशाकहरु छन् । यथार्थ के हो भने धोती र गमछा होस वा टोपी र दौरा सुरुवाल वा अन्य कुनै पोशाक, भूगोल, प्रकृति र हावापानीको अनुकूलतामा शरीरको आवश्वयकता अनुकूल विकसित भएका हुन् । पछि सत्तामा पुग्ने समुदायको शासकवर्गले आफ्नो समुदायले लगाउने पोशाकलाई शासकीय पदानुक्रम अनुसार श्रेणीकृत गरे । यसरी पोशाकमा शासकीय समुदायको गर्व अन्य समुदायलाईपनि मान्य हुने गरी राष्ट्रीय प्रतीकको रुपमा परिभाषित हुनपुग्यो । राष्ट्र र राजनीति उदार र अधिकार र पहिचानको चेतनाबाट लैस हुनथालेपछि उपेक्षित समुदायको पहिरन, पोशाकहरु समेत प्रतिस्पर्द्धि सामूहिक सांस्कृतिक प्रतीक बन्न गए । तपाँईले ध्यान दिनु भयो भने सांस्कृतिकरुपमा सत्ताको उच्च तहमा बस्ने बाहुन र क्षेत्रीहरु अर्थात् पुरोहित, राजा र उच्चतहका भारदारहरुले लगाउने चुच्चे र भादगाउँले चटक्कको टोपी नै गर्वको विषय हो । कुनै ढाँक्रे, गरिब श्रमजीवि, दमाई र कामी र वादी समुदायले लगाउने भुत्रे टोपी लगाएर गर्व गर्नेहरु पाउनु हुन्न । त्यसरी नै धोती दिवसमा धोती र गमछा लगाउनेहरु नयाँर चट्ट सुहाउने दामी धोतीहरु नै हुने गर्छन् ।वर्षमा एकपटक देखाउनका लागी मात्रै यी चटक्कको धोती लगाउनेहरु सत्तामा स्पेस खोजी रहेका राजनीतिक दलहरु, फोकसमा आउन चाहने क्यारियरिस्ट बौद्धिक अगुआ जमातहरु हुने गर्छन् । यथार्थ के हो भने तराई मधेशमा भुत्रै झाम्रे मैलो कुचैलो धोती लगाउने र काँधमा पसीनाले भिजेको गम्छा राखेर जीवन व्यतित गर्ने श्रमजीवि गरिब जनसमुदाय यस्तो जुलस र दिवसमा कतै अभिव्यक्त भै रहेको हुँदैन ।

सांस्कृतिक गर्वको रुपमा अभिव्यक्त हुने टोपी र धोती दुबैको नाममा गरिने उत्तेजनात्मक प्रदर्शनहरु जनहितको दृष्टिले वर्तमान गणतन्त्रमा सन्दर्भहीन भैसकेका छन् । यद्यपि राज्यसत्ताको अदूरदर्शी व्यवहारको कारण यस्ले बेलाबेलामा अनावश्यक उत्तेजना फैलाउने मौका दिने गरेको छ । सत्तामा टिकी राख्न यसै भावनात्मक हतियारलाई प्रयोग गरेर जनताको निम्ति फुट्टी कौडीसम्म नफुटाल्ने गैर राजनीतिक तत्वहरुले समेत चुनावी फाइदा उठाएर सत्तालाई आर्थिक अवसरको रुपमा भजाई रहेका छन् ।

वर्तमानमा केही वर्षदेखि अन्तर्राष्ट्रिय नववर्षलाई टोपी दिवस र धोती दिवसको आडम्बर युक्तरुपमा मनाएर नेपाली समाजको विविधतालाई नकारात्मकरुपमा उत्तेजित बनाएर आफ्नो राजनीति टल्काउन चाहन्छन् । फेरी यो यस्तो साँस्कृतिक र भावनात्मक विषय हो, जस्ले आफूलाई उदार र प्रगतिशील भन्ने कयौं बौद्धिकहरुलाई समेत भावनात्मक बनाउँछ । गणतन्त्र आएपछि पुरातन र दक्षिणपन्थी राजनीतिकशक्ति मात्र होइन, आफूलाई वामपन्थी भन्ने राजनीतिकशक्ति र नेताहरुसमेत पुरातन र शासकीय वंश र जातिको साँस्कृतिकता तथा परम्पराप्रतिको गर्वभावनाबाट मुक्त हुन सकेनन् । गणतन्त्र आएपछि समेत शासकीयपंक्तिमा यो संकीर्ण राष्ट्रवाद बेलाबेलामा देखापर्ने गरेको छ, जस्ले गणतन्त्रमा सबैलाई समान सम्मानको रुपमा देखिनुपर्नेमा एक आपसमा प्रतिस्पर्द्धि भाव देखा पर्ने गर्छ । यस्तो भावले नेपालको साझापन सिम्रिक रंगमा, डाँफे चरामा, गाई पशुमा, हिन्दुत्व (धर्म)मा, टोपी र दाउरा सुरुवाल पोशाकमा हेर्छ । गहिरिएर हेर्ने हो भने यो पुरानो र परम्परागत राज्यसत्ताको धुत्याँईं हो, जस्ले जीवित जनतामा गर्व गर्दैन, जनताको दुःखमा दुःखी र आन्दोलित हुँदैन, तर यी निर्जीव बिम्ब र प्रतीकहरुको नाममा भावुक, दुःखी, उत्तेजित र आन्दोलित हुने गर्छ । यी बिम्ब र प्रतीकहरुलाई पुरानो राजतन्त्रात्मक सत्ता र सामन्तवादी प्रवृत्तिको शासकीय सामाजिक संरचनाले राष्ट्रवाद र यसप्रतिको भावनालाई राष्ट्रवादी भावना भन्यो । वर्तमान सम्विधानमा सम्पूर्ण जनतालाई नै राष्ट्रभनिएको छ । वर्तमान सम्विधानमा राष्ट्रलाई गरिएको परिभाषा राष्ट्रभन्दापनि देशलाई अभिव्यक्त गर्छ । राष्ट्रको पारम्परिक परिभाषाले कुनै एउटा शासकीय समुदायको सामुहिक भावना र देशले, देशमा बस्ने बहुसाँस्कृतिकता, बहुजातियता, लगायत सम्पूर्ण जनवर्गको साझा हितलाई अभिव्यक्त गर्छ । यस कारण वास्तविक अर्थमा राष्ट्रभक्तिभन्दा देशभक्ति उदार, सबैलाई समेटने र वर्तमान गणतन्त्रमा बढी सान्दर्भिक अवधारणा हो ।

माओवादी जनयुद्ध तथा पुरानो सत्ताबाट राजनीतिक, आर्थिक र साँस्कृतिकरुपमा सताइएका र विभेदित समुदायहरुको साझा उद्देश्य अनुकूल सम्पूर्ण नेपाली जनतालाई राष्ट्रको रुपमा परिभाषत गरिएपनि राजनीतिक दलहरुभित्र मनोविज्ञान र व्यवहारको स्तरमा यसबारे पर्याप्त बहस विमर्श नभएकै कारण हो, कि राजनीतिक दलहरु भित्र पुरानो सत्ताले जन्माएको संकीर्ण सांस्कृतिक चेतनाहरु बेलाबेलामा अभिव्यक्त हुने गर्छन, जस्ले नेपाली समाजमा अनावश्यक ढंगले उत्तेजित गरिरहन्छ । र, यस्ले उत्पीडित जनसमुदायभित्रको पुरातन र दक्षिणपन्थी तत्वलाई श्रमजीविवर्ग र उत्पीडित जनसमुदायको आधारभूत जनसंघर्षलाई अनावश्यक र निरपेक्ष सांस्कृतिक भावनात्मक संघर्षको दिशामा मोडने अवसर दिन्छ ।

देशमा गणतन्त्र आएको केही वर्षपछि विदेशमा बस्ने प्रवासी नेपालीभाषी समुदायका केही संकीर्ण राष्ट्रवादी तत्वहरुले टोपी दिवस मनाउन शुरु गरे । यसलाई गर्व ठान्नेहरुले यसलाई सांस्कृतिक प्रदर्शनको रुपमा राम्रै ठाने । फेरी विदेशमा टोपी लगाएर प्रदर्शन गर्दा नेपालको नागरिक भन्ने भावपनि गयो । यसलाई देशभित्रका संकीर्ण राष्ट्रवादी तत्वहरुले राजनीतिमा भजाउने मौकाको रुपमा लिए । यसको प्रतिक्रियामा तराई मधेशमा चुनावी राजनीति गर्ने दलहरुले चुनावी फाइदा लिन प्रतिक्रियामा धोती दिवस मनाउन थाले । पुरानो सत्ताबाट ऐतिहासिकरुपमा सताइएका र विभेद गरिएका तथा गणतन्त्रमा समेत शासकवर्गबाट धेरथोर विभेद अनुभूत गर्ने तराई मधेशका जनताहरुमा यस्ले प्रभाव पार्नुपनि स्वाभाविक नै हो । अझ सामाजिक सञ्जालहरुमा यसबारे गरिने एक अर्काका समुदायप्रति गरिने नकारात्मक टिप्पणीहरु समेतले कटुता थप्ने काम गरिरहेको छ । यस्मा सबभन्दा विडम्बना के छ भने राज्य सत्ता र सरकार समेत यस विषयमा सम्यक हुनसकेको देखिदैन । टोपी लगाओस वा धोती, सम्विधानले सबैलाई अधिकार दिएको छ । यस्तोमा धोती लगाएर कसैले सडकमा समूहगतरुपमा हिँडछ भने प्रहरीले रोक्नु उचित होइन । धोती लगाउनेहरुले सरकारले घोषणा गरेको निषेधित क्षेत्र तोडेको तर्क गर्न सक्छ । तर कुनै क्षेत्रलाई निषेधित गर्नुभन्दा कुन खाले प्रदर्शन गर्न दिने हो र कुनखाले प्रदर्शन गर्न नदिने हो भन्नेमा सरकार प्रष्ट हुनु जरुरी छ । यसखालका सांस्कृतिक अधिकारका प्रदर्शनहरुमा रोक लगाउनुले समुदाय विशेषप्रति राज्य असहिष्णु रहेको सन्देश जान्छ र यस्ले गणतन्त्र र संघीयताविरोधीशक्तिलाई बल पुऱ्याउँछ । राज्यसत्ताको विडम्बना के छ भने उसले गणतन्त्रविरोधी शक्तिहरुलाई कानूनीरुपमा रोक लगाउन सकिरहेको छैन । बरु अनुभवहीनता र अन्यौलताको कारण गणतान्त्रिक र संघीयताको अधिकारको अभ्यासलाई कमजोर गरिरहेको छ । धोती होस वा टोपी दुबै नेपाली जनताले लगाउने पहिरनहरु हुन् । यसलाई एकल होस वा सामूहिक प्रदर्शन गर्न दिनु पर्छ । यस्मा रोक लगाउनुले दुई समुदायबीच आशंका जन्माउँछ भने स्वतन्त्र छाडी दिने हो भने यस्ले आपसी नजिकपना बढाउन मद्दत गर्छ । किनभने हामीलाई थाहा छ आफ्नो राजनीति टल्काउने टोपी र धोती प्रदर्शकहरुका अतिरिक्त देशमा ठूलो हिस्सा छ, जस्ले देशका सबै समुदायका पोशाकहरुलाई साझा र सहिष्णु सम्झन्छ । उनिहरुले थाहा पाएका छन्, यस देशमा बस्ने सबै समुदायका गरिब जनताको साझा उपलब्धि नै यो संघीय गणतन्त्र हो र अबको दायित्व यस देशलाई पोशाक र संस्कृतिमा होइन, सम्पूर्ण वर्ग र समुदायको साझा र समृद्ध देशमा परिणत गर्नु हो । यस्तोमा राज्यसत्ता, सरकार, राजनीतिक दल र जनसमुदायका सबैपंक्तिहरुले धोती र टोपीको विवादमा फँस्नु भन्दा उत्पीडितवर्ग र समुदायको समृद्धि र विकासको निम्ति शिक्षा, स्वास्थ्य, गाँस, बास र कपासको निम्ति साझा संघर्षमा ध्यान दिनु सान्दर्भिक हुने छ । टोपी र धोतीको उन्मादभन्दा पनि किसानको मल, महँगी, महँगो शिक्षा र स्वास्थ्य, भ्रष्टाचार र उत्पीडित वर्ग र समुदायप्रतिको राजकीय र सामाजिक भेदभावको विरुद्ध अर्थात् भावनात्मक होइन, जनताको आधार भूत विषयहरु प्रति लक्षित हुनु नै वर्तमानमा सत्ता र सडक दुबैको निम्ति सही कार्यदिशा हुनेछ ।

# अनुमानित अपेक्षा साथ स्वागतम 'नयाँ बर्ष २४'



अनिल तिवारी

गाजापट्टीमा स्थिति क्रमश बिग्रीदै गएको छ । युद्ध जो जिते-हारे पनि मानवता इतिहासको 'सबैभन्दा अन्धकार समय' नजिक पुगेको छ । इजराइलले हमासलाई समाप्त पार्ने र सबै बन्धकको मुक्ति सुनिश्चित गर्ने वाचा साथ अगाडि बढिरहेको छ । गाजामा करिब १५ हजार भन्दा बढी मान्छे मारिएका छन लाखौ घरबार बिहिन छन ।

"स्थिति प्रत्येक दिन भन्दा घन्टाले बिग्रँदै गइरहेको छ, चारैतिरको तीव्र बमबारीलेसर्वसाधारण ओतलाग्न पनि हम्मे हम्मेको अवस्था । "हामी मानवताको सबैभन्दा अन्धकार घडीको नजिक छौं ।"डब्लुएचओका पदाधिकारी को यो भनाइ हो ।

अर्को तर्फ युक्रेनको अवस्था पनि यस्तै उस्तै छ । युक्रेनमाथि आक्रमण थप बढाइरहेका समय रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा अधिकतम एक लाख ७० हजार सैनिक बढाउन सेनालाई आदेश दिनुभएको छ । पुटिनको आदेश तत्काल सेनाले लागू गरेको छ ।

यो सबै परिवेशलाई हेर्ने हो भने,सन २०२३लाई वैश्विक युद्धको बर्षको रुपमा हेर्न सकिन्छ । हमासमा मात्र एक सय भन्दा बढी पत्रकारको मृत्यु भएको छ । युद्ध आक्रमणमा मारिएका पत्रकारहरु प्रति गहिरो सम्वेदनाहरु बाहेक खासै प्रतिक्रियाहरु देखिएका छैनन ।जसका कारणहरु पनि आ आफ्नै खालका छन ।

पूर्वानुमान एक जोखिमपूर्ण व्यवसाय हो, तर जोखिमको कारण र भारी खतराको वर्षको रुपमा आउने बिषयलाई केलाउने काम पनि महत्वपूर्ण कुरा हो ।यदि २०२३ युद्धको वर्ष थियो भने, आउने नयाँ बर्षका अपेक्षा कस्तो हुने छ ? मैले लेखको माध्यमबाट केलाउने कोशिस गरेको छु ।

नयाँ,बर्ष २०२४ झडपहरूकोसमायोजनको साक्षी हुनेछ । फलस्वरूप, प्राविधिको माध्यमबाट अन्त्यहिन अवरोधलाई भूराजनीतिक प्रतिद्वन्द्विताले बढावा दिनेछ । जसले व्यापार, स्रोत साधन, प्रतिबन्ध र यात्रा हतियारको माध्यमबाट केहि अदृश्य शक्तिहरु आफ्ना औचित्य प्रमाणित गर्ने प्रयासमा लाग्ने छन । यस्तो द्वन्द्वको बीचमा, हमास जस्ता गैर-राज्य अभिनेताहरूले विशेष गरी केही राष्ट्रहरूले विस्तार गरेको वैचारिक र स्वतन्त्र अभिव्यक्ति आवरणम अन्तर्गत आधार प्राप्त गर्न प्रयासहरु जारी राख्नेछन् । हथियारको बलमा अधिकार प्राप्तिका लडाइ विद्यालय देखि अस्पतालसम्म जारी रहने छन ।

जसले लोकतन्त्रलाई सबै पक्षबाट कमजोर पार्नेछ, साथै हथियारको चाहना बढनुले सबैभन्दा ठूलो चीन प्रतिको अधिनायकवादी आकर्षण हुनेछ ।महान शक्तिहरूले खेल्ने गेम अफ थ्रोन्सको दूरगामी परिणाम हुनेछ ।परिणाम स्वरुप सैनिक रणनीतिकार राज्यका नेताहरूको निर्णय भन्दा बढी प्रभाव पार्नेछ ।

यस्तै हुदै गयो भने ,अवश्य नै वैश्विक अर्थतन्त्रले सबैभन्दा ठूलो क्षति भोग्नुपर्नेछ अवस्था निश्चय नै आउछ र आर्थिक अस्थिरतामा ठूलो प्रभाव पार्नेछ ।यो असमानता विश्वव्यापी रूपमा शक्ति ,प्रभुत्व, र आन्तरिक रूपमा धन र आयको वरिपरि हुनेछ ।

प्रविधिले थप विघटनकारी र विश्वव्यापी प्रभुत्वको महत्वाकांक्षा तीव्र हुँदै जाँदा सूचनाको 'नव-उपनिवेशवाद' समयसँगै गएको छ । मिडियाले संसारको बारेमा बौद्धिक बुझाइलाई आकार दिन्छ, जसको समाचार,स्टोरी अथवा लेखले मानव दृष्टिकोणलाई राम्ररी प्रभाव पार्छ ।

इतिहास कालखन्ड देखि नै उपनिवेशवादीहरूले यो कुरा राम्ररी बुझेका थिए । आफ्नो उद्यमको औचित्य प्रमाणित गर्न, उनीहरूले साहित्य, संस्कृति, राजनीति र भाषाको माध्यमबाट मध्यस्थता गरेर पश्चिमी श्रेष्ठताको धारणालाई निरन्तरता दिए । जसको निरन्तर्ता अहिले पनि चलिरहेको छ ।उपनिवेशवादी राष्ट्रहरू र उनीहरुबाट उत्पादित कथाहरूद्धारा साना मुलुकहरुका सारभौमिक्ता कब्जा गर्ने मापदण्ड आजसम्म पनि चलिरहेको छ । किनकि विश्वव्यापी मिडिया कर्पोरेसनहरूले पहुँच र प्रभावलाई आफ्नो हितमा आधारित सार्वजनिक रायलाई आकार दिन कथाहरू कायम राख्न प्रयोग गर्दै आएका छन ।

जन चेतनाको यस्तो कपटी 'उपनिवेश' ले लोकतन्त्रलाई कमजोर बनाउँछ, असंगत आवाजलाई सीमान्तकृत गर्छ र सामाजिक विभाजनलाई गहिरो बनाउँछ ।

**औद्योगिक मिडिया-व्यावसायीक पत्रकारिता**

अहिले मिसन पत्रकारिता भन्दा पनि मिडिया हाउस मिसन चलिरहेको छ ।जनको चाहना भन्दा पनि एजेन्डामा



जनमतलाई परिवर्तन गर्ने खेलहरु चलिरहेका छन ।जसको ज्वलन्त उदाहरण इजराय गाजा वारमा प्रष्ट देखिएको छ ।

मिडिया कर्पोरेसनहरू, नाफाद्वारा संचालित, प्रायः राज्य र ठूला व्यवसायसँग सहजीवी सम्बन्धमा संलग्न हुन्छन् । उनीहरूको उद्देश्यको सेवा गर्ने कथाहरू प्रचार गर्नु भन्दा पनि नाफा खाटामा आधारित हुदै गएको छ । यस गतिशीलताको एउटा उल्लेखनीय उदाहरण अहिले हमासबाट अलजजिरा चलाइ मिडिया मिसनलाई लिन सकिन्छ । उसले चलाएको इजरायल बिरोधी र हमास समर्थिक धार्मिक मिडिया हाउस मिसन पत्रकाररिताको कारण नै एक सय पत्रकारहरुको मृत्यू भएको दाबीलाई नर्कान सकिदैन ।

पहिलो खाडी युद्धको समयमा पनि यस्तै देखिएको थियो । जब प्रसारक एनबीसी द्वन्द्वको रिपोर्टिङ गर्ने प्रमुख खेलाडीको रूपमा देखा पर्यो । एनबीसीको स्वामित्व जनरल इलेक्ट्रिकको थियो, जसले युद्धमा प्रयोग भएका हतियारहरू उत्पादन गर्यो । एनबीसीका संवाददाताहरूले आफ्नो रिपोर्टिङ शैलीको लागि आलोचनाको सामना गर्नुपर्यो, जसले प्रायः यी हतियारहरूको प्रभावकारिताको प्रशंसा गर्यो ।

**नयाँ मिडिया, नयाँ चुनौती**

नयाँ मिडियाको उदय, विशेष गरी सामाजिक मिडियाले कथा र मिथ्या लडाईलाई तीव्र बनाएको छ । सामाजिक सञ्जाल कम्पनीहरू नया वैश्वीक शक्तिको रुपमा देखा परेका छन्, जसले व्यापक प्रभाव पारेका छन् । यद्यपि, उनीहरूको एल्गोरिदममा पारदर्शिताको अभावले राज्य र नेताहरुका वैचारिक प्रचारको लागि उर्वर भूमि बन्दै गएको छ ।कम्पीयुटरको ज्ञान ,नेटको प्रयोग र कृतीम बिचारले समयगत जनमतको खोलोमा बगाउने गरेको छ ।

जसले आफ्नो एजेन्डालाई अगाडि बढाउनको लागि आफ्नो गुणगानका धेरै तहहरूको शोषण गर्दछन् जबकि उत्तरदायित्वबाट धेरै पर पनि हुन्छ । यसले प्रामाणिकता वा प्रभावमा थोरै जाँचको साथ एकल दृष्टिकोणको प्रवर्धनलाई सजिलो बनाउँदछ ।स्वतन्त्र अभिव्यक्ति , राजनीतिक हस्तक्षेप, पक्षपाती सामग्री संयम, एल्गोरिदमिक हेरफेर र डाटा-गोपनीयता उल्लंघन गर्दै व्यक्तिवादी उनमादलाई बढावा दिनेगरेको आरोपहरु लगीरहेका छन ।यससंगै एकात्मक कथाहरूलाई बढावा दिनुका साथैउन्मादमुलुक डिजिटल क्षेत्रको निर्माण गर्ने जोखिमहरु बढदै गएका छन ।

निष्पक्ष, मिडिया पूर्वाग्रह, तथ्य जाँच र अधिकार समूहहरू जस्तै रिपोर्टर विदाउट बोर्डर्सले यी कथाहरूको प्रतिकार गर्न खोज्दा, उनीहरूको विवाद प्रायः राज्यको शक्तिले समर्थन गरेको राम्रो स्रोतको मिडिया कर्पोरेसनहरूको सामना गर्नेले डुबानमा पर्ने अवस्था पनि निश्चित छ ।

**मिडियाको दर्पण**

प्राविधिहरू झन् झन् विघटनकारी हुँदै जाँदा, एल्गोरिदमहरू झन् झन् जटिल हुँदै जान्छन् र विश्वव्यापी प्रभुत्वको महत्वाकांक्षा तीव्र हुँदै जान्छ, स्थिति अझ खराब हुँदै जान्छ । एल्गोरिदमले व्यक्तिगत प्राथमिकतामा अनुकूलित सामग्री प्रस्तुत गर्नमा सुधार गर्दा, उनीहरूले पूर्वाग्रहहरूलाई सुदृढ पार्नेछन्, जसले अधिक ध्रुवीकृत इको कक्षहरू र कडा रायहरू निम्त्याउनेछ । उत्प्रेरित अभिनेताहरूले यसको उपयोग आफ्नो एजेन्डालाई अगाडि बढाउनका लागि निश्चय नै प्रयोग गर्नेछन् ।

कृत्रिम बुद्धिमत्ता (एआई) ले लोकतान्त्रिक प्रवचनमा गहिरो प्रभाव पार्नेछ । यसको अतुलनीय क्षमताले चुनिंदा रूपमा विस्तार गर्ने, गलत सूचना फैलाउने र बिचार हरूलाई संक्रमित गर्ने क्षमताले यसलाई मानोबैज्ञानिक युद्धमा नयाँ सीमा बनाउनेछ । साथै राजनीतिक प्रणालीका विश्वासलाई कमजोर पार्नेछ । राम्रो स्रोत भएका कलाकार हरूले यसलाई आफ्नो फाइदाको लागि प्रयोग गर्नेछन्।

गलत सूचना र प्रचारको सामना गर्न राष्ट्रहरूले विशेष एजेन्सीहरूमार्फत प्रयोग गरिने प्रतिउत्तरको माध्यमबाट आफ्नो प्रयासलाई तीव्र बनाउनेछन् । फ्रान्स र स्वीडेन जस्ता देशहरूले नक्कली समाचार र विदेशी हस्तक्षेपको विरुद्ध लड्नका लागि पहिले नै युनिटहरू स्थापना गरिसकेका छन् । तर, स्वतन्त्रतालाई सतर्कतासँग सन्तुलनमा राख्ने चुनौतीले स्वतन्त्रतालाई उल्लङ्घन गर्ने दृष्टिकोणहरू निम्त्याउन सक्छ, जसले उनीहरूको प्रयासलाई धेरै विवादित बनाउनेछ ।

उपनिवेशवादीहरूको कथाहरूमा प्रभुत्व जमाउने रणनीति आधुनिक प्लेबुकमा विकसित भएको छ । जहाँ राज्यका अभिनेताहरूले आफ्नो हितलाई अगाडि बढाउन अन्तर्राष्ट्रिय रायलाई हेरफेर गर्न विश्वव्यापी मिडिया प्रयोग गर्छन् । सूचनाको यो 'नव-उपनिवेशवाद' ले लोकतन्त्रलाई चुनौती दिन्छ, द्वन्द्व उत्पन्न गर्छ र ध्रुवीकरण परिणामहरू निम्त्याउँछ । यसको सामना गर्ने जिम्मेवारी सरकार र नागरिकको समान छ। जहाँ कलम र पिक्सेल तरवार भन्दा शक्तिशाली छन् । यो समय हो कि तिनीहरू केवल कौशलका साथ मात्र होइन , अन्तस्करणको साथ प्रयोग नै हुन्छन ।

# सांसदको भनाई र गराईमा फरक देखियो : सांसद सुब्बा

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा सदस्य एवं नेकपा (एमाले) की नेत्री सरस्वती सुब्बाले कानुन निर्माणको मुख्य थलो संसद्ले कानुनको संशोधन र नयाँ कानुन तीव्र गतिमा बनाउने अपेक्षा राखेकामा एक वर्षको अभ्यासमा एउटाबाहेक महत्वपूर्ण भए पनि अरु थुप्रै कानुन बनाउन नसकिएको प्रतिक्रिया दिएकी छन् । उनले विधायकी जिम्मेवारीमा आउनुअघि आफूले "सांसद विकासको पनि संवाहक हो", भन्ने बुझेकामा कानुन र विधि निर्माणमा मात्रै खुम्चन परेपछि जेजस्तो अपेक्षा र उत्साह थियो त्यो कायम नरहेको अनुभव सुनाईन् ।

नेत्री सुब्बाले भनिन्, "कानुन निर्माणको गति, तर्जुमा गरिएको बजेट र योजना कार्यान्वयनको अवस्था हेर्दा मुलुकको राजनीति अझै तरल अवस्थामा देखिन्छ । राजनीतिले जनताका अपेक्षालाई सही ढङ्गबाट सम्बोधन गर्न नसकेको प्रष्टै अनुभूति हुन्छ ।"

गाउँघरमा मतदातासँगको भेटघाटमा बजेट र विकासका योजनासँग जोडिएका विषयवस्तुमै बढी केन्द्रित रही छलफल हुने गरेको उल्लेख गर्दै उनले कानुन निर्माणमा प्रभावकारी काम गर्न नसकिएको र विकास निर्माणमा पनि जनताका अपेक्षाबमोजिम काम गर्न नपाएको अवस्थाले प्रत्येक सांसद जनतासामु कठिन प्रश्नको घेरामा परेर आलोचना खेप्न परिरहेको बताईन् ।



अर्को प्रसङ्गमा नेत्री सुब्बाले महिला सांसद भएकै कारण सदनमा बोल्न र जिम्मेवारी लिने सन्दर्भमा एमालेभित्र कुनै त्यस्तो फरकपनको महसुस नगरेको बताउँदै मुद्दाका आधारमा जिम्मेवारी र समय लिएर बोल्ने गरेको जानकारी दिईन् । एमालेको भूमिहीन सुकुम्बासी सङ्गठनको सर्लाही जिल्ला सचिव, राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको जिल्ला अध्यक्षदेखि केन्द्रीय कोषाध्यक्ष, सचिव, महासचिव, अध्यक्षसम्म भएर काम गरेको उनीसग अनुभव छ ।

पार्टीको जनसङ्गठन भूमि अधिकार तथा श्रमिक सङ्गठनको उपमहासचिव, भूमिसम्बन्धी उच्चस्तरीय समितिको सदस्य र जिल्ला भूमि आयोगको सदस्य भएरसमेत नेत्री सुब्बाले काम गरेकी छन् । उनी एमालेका तर्फबाट प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीतर्फबाट सांसद निर्वाचित भएकी हुन् ।

सांसद सुब्बाले भनिन्, "बाहिर भन्ने र सदनभित्र सांसदले गर्ने कार्यबीच फरक देखिन्छ । संसद् र संसदीय समितिमा सांसद नियमित र समयमै उपस्थित हुनुपर्नेमा गणपूरक संख्या नपुगेर बैठक धेरै पटक स्थगित भएको छ । यो साँच्चिकै लाजमर्दो अवस्था हो ।"

नागरिकले गरेको अपेक्षाअनुरुप सांसदले पनि आफ्नो भूमिका र जिम्मेवारी निर्वाह गर्न नसकेको स्वीकार गर्दै संसदको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सदस्य समेत रहेकी सांसद सुब्बाले सरकारले 'बिजनेस' दिन नसक्दा गएको एक वर्षमा सदन प्रभावकारी हुन नसकेको विचार प्रकट गरिन् । व्यक्ति विशेषले पनि आफ्नो जिम्मेवारीप्रति सजग हुन आवश्यक रहेको उल्लेख गर्दै उनले दल विशेषले जनप्रतिनिधिलाई दिने भूमिका र जिम्मेवारीको पक्षसमेत महत्वपूर्ण हुने धारणा राखिन् ।

निर्वाचनका बेला मत माग्न घरघर जाँदा आम मतदाताले खानेपानीका धारा, बाटो, बिजुलीका पोल, सिँचाइजस्ता स्थानीय विषयमा विशेष चासो राख्ने र उम्मेदवारले पनि त्यसैमा प्रतिबद्धता व्यक्त गर्ने गरेको सुनाउँदै उनले अहिले पनि नागरिकको अपेक्षा कानुनभन्दा ती विषय नै प्राथमिकतामा रहेका छन् भनिन् ।

सांसद सुब्बाका अनुसार, मतदाताको मागबमोजिम कतिपय अवस्थामा आयोजनाका लागि जनप्रतिनिधिले बजेटका सन्दर्भमा मन्त्रालयका कोठा कोठा धाउन परेको अवस्था अझै विद्यमान छ । तर उनले निर्वाचनका बेला विकास निर्माणसम्बन्धी कुनै प्रतिबद्धता नगरी केवल सक्दो सहयोग गर्ने मात्र विश्वास दिलाएको घटना सुनाईन् ।

पछिल्लो समय सरकारले ल्याएको बजेटमा कुनै संशोधन नहुने भएपछि मन्त्रालय पुगेर मन्त्री र सचिवलाई भेट्ने प्रवृत्ति अन्त्य गर्दै प्रतिपक्ष दलको विधायक भएका नाताले कानुन निर्माणमै जोडबल गरेको उनले स्पष्ट गरिन् । भूमिहीन नागरिकका सरोकारका क्षेत्रमा विशेष अध्ययन र दखखल राखेकी सांसद सुब्बाले सर्लाहीका सागरनाथवनविकास परियोजनाको तीन हजार एक सय हेक्टर जमिनमा हजारौं मानिस अव्यवस्थितरुपमा बसोबास गरी खेतीपाती गर्दै आएकाले कानुन बनाएर त्यसलाई व्यवस्थित गर्ने विषय नै जिल्लाको सर्वाधिक प्राथमिकताको विषय भएको बताईन् ।

सर्लाहीका हरिवन र बागमतीसहित साविकका १२ गाविस चुरे क्षेत्रमा पर्ने भएकाले चुरे संरक्षण र त्यहाँका नागरिकको जीविकोपार्जनका लागि वन र भूमि ऐनमा संशोधन गरी समस्या समाधान गर्ने विषय पनि प्राथमिकतामा रहेको उनको भनाइ छ । नेत्री सुब्बाले केही विषयमा पार्टीले पनि प्रतिबद्धता जनाउँदै आएको र भविष्यमा पनि त्यहीँबाट राजनीति गर्नुपर्ने भएकाले विकास निर्माणसँग पनि आफ्नो सम्बन्ध केही हदसम्म जोडिने बताईन् ।

भूमिसँग जोडिएको भूमिहीनदेखि चुरे संरक्षण, जीविकोपार्जन, अव्यवस्थित बसोबास,कमैया,हरुवाचरुवालगायत विषय रहेको बताउँदै उनले त्यो समस्या समाधानका लागि सरकारले आयोग बनाए पनि काम भने कछुवा गतिमा भएको टिप्पणी गरिन् । सांसद सुब्बाले ऐनले अव्यवस्थितलाई ३० कट्ठा, भूमिहीन, दलित र सुकुम्बासीका लागि छ कट्ठा जमिन उपलब्ध गराउने भनी नियमावलीले प्रष्ट गरेको र त्यसअनुसार काम गर्नुपर्नेमा सरकारले पछिल्लो समय वन तथा भूमि ऐन संशोधनका नाममा कामलाई तीव्रता दिन नखोजेको प्रतिक्रिया दिईन् ।

ऐन, कानुन, नीति र नियम मात्र भएर नहुँदोरहेछ भन्दै विधायक सुब्बाले सरकारका मन्त्री र सम्बन्धित विषयका आयोगका पदाधिकारीले कार्यकारी भूमिका निर्वाह नगरे वर्षौंसम्म समस्या समाधान गर्न चुनौती खडा हुने विचार प्रकट गरिन् । प्रत्येक राजनीतिक दलले सरकार र प्रतिपक्षमा हुँदा गर्ने व्यवहारमा फरक हुने गरेको बताउँदै नेत्री सुब्बाले संसदीय व्यवस्थामा कुनै दल विशेष सरकार र प्रतिपक्षमा रहेर भूमिका खेल्ने कुरा स्वभाविक भए पनि एमालेले सरकारलाई धेरै दुःख नदिएको र जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको प्रतिक्रिया दिईन् ।

सरकारले संसद्मा भएका दलहरुसँग सहकार्य, समन्वय र सहयात्रा गरेर जान नेतृत्वमा रहेकाले समन्वयकारी भूमिका खेल्न पर्नेमा जोड दिँदै उनले नेतृत्व फेरिँदैमा राष्ट्रका प्राथमिकताप्राप्त योजना र कार्यक्रम प्रभावित पार्ने कार्य ठीक नभएको धारणा राखिन् । नेत्री सुब्बाका अनुसार, भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गर्ने सवालमा राजनीतिक दलले मत माग्न जाँदा मात्रै भ्रष्टाचार र सुशासनको कुरा गरेर हुन्न । साँच्चिकै भ्रष्टाचार न्यूनीकरण र सुशासनमा काम गर्ने हो भने प्रत्येक राजनीतिक दलले वडादेखि केन्द्रसम्म तहगतरुपमा सङ्गठनमा रहने हरेक नेता र कार्यकर्तालाई उत्पादन र कामसँग जोड्नुपर्छ ।

उनी भन्छिन्, "राजनीति सेवा हो, पेसा होइन । राजनीति भनेको तीन महिनामा अन्न भित्र्याएको जस्तो होइन, यसमा लाग्दा खर्च हुन्छ । राजनीतिलाई सेवाका रुपमा लिएर जीविकोपार्जनका लागि अरु पेसा र व्यवसाय गर्नुपर्छ । राजनीतिलाई शुद्ध बनाए आफैँ सुशासन कायम हुन्छ ।" सांसद सुब्बा राजनीतिमा लागेपछि पार्टी प्यालेसबाट छोराछोरीको विवाह गर्न पाइन्छ, महँगो स्कुलमा पढाउन सकिन्छ, घुम्न विदेश जाऔँला, घडेरी किनौँला र घर बनाउँला भन्ने सोच बोक्ने हो भने सुशासन कायम र भ्रष्टाचार न्यूनीकरण कहिल्यै हुन्न भन्छिन् ।

कानुन बनाउने पक्षले नै कानुन उल्लङ्घन गर्ने प्रवृत्तिले समाजमा असन्तुष्टि बढेको बताउँदै उहाँले योगदानभन्दा बढी अपेक्षा गर्ने परिपाटीले पनि समाजमा विश्वास कमजोर हुँदै गएको प्रतिक्रिया दिईन् । तीन तहका सरकारले सातै प्रदेशमा कोसँग के क्षमता छ त्यसका आधारमा रोजगारी दिने अवसर र अवस्था सिर्जना गर्नु पर्नेमा जोड दिँदै सांसद सुब्बाले सीपका आधारमा स्वदेशमै आयआर्जन र उत्पादनमा लाग्न युवालाई सुझाव दिईन् ।

नेत्री सुब्बाले भनिन्, "पछिल्लो समय नेपालीहरु वास्तविकताभन्दा हल्लामा दौडिने र विश्वास गर्ने प्रवृत्ति बढेको छ । देश बाहिर जाँदा कस्तो दुःख पाइन्छ, त्यतिकै मेहेनत यहाँ गर्ने हो भने के उपलब्धि हुन्छ भनी युवा र विद्यार्थीले बुझ्न जरुरी छ ।"

# नेपालका नेताहरू बिपीको विचारबाट दीक्षित : प्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (एकीकृत माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालका सबै दल र नेताहरू कुनै न कुनै रूपबाट बिपी कोइरालाको विचारबाट दीक्षित रहेको बताएका छन् ।

नेपाली कांग्रेसले ४८औँ राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले कांग्रेसका संस्थापक कोइराला नेपालको लोकतान्त्रिक आन्दोलनका मूर्धन्य र सर्वमान्य नेता हुनुभएकामा कसैको दुईमत नरहेको उल्लेख गरे ।

प्रधानमन्त्री दाहालले भने, "कांग्रेसले यो कार्यक्रममा लोकतन्त्रका लागि योगदान गरेका सबै दलका शीर्ष नेतालाई आमन्त्रण गरेर मुलुक र जनताका लागि नयाँ सङ्कल्प र सहमति प्रतिबद्धता गर्ने अवसर जुटाएको छ, यसका लागि धन्यवाद छ ।" उनले शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउन सबै दलबीच सहमतिको



आवश्यकता रहेको उल्लेख गर्दै यसका लागि आफूले प्रयास गरिरहेको जानकारी गराए ।

प्रधानमन्त्री दाहालले वर्तमान सत्तागठबन्धन पूरै कार्यकालसम्म रहने र यसैबाट जनतालाई समृद्धि प्राप्त हुने बताउँदै सरकारका गरेका राम्रा कामको कांग्रेसले पनि निर्धक्क साथ अपनत्व र स्वामित्व लिन सक्नुपर्ने धारणा व्यक्त गरे ।

वर्तमान सरकारले सामाजिक न्याय, मिटरब्याजी पीडितलाई न्याय दिने, नागरिकताको समस्या समाधान, श्रमिकका समस्यालगायत विषयमा राम्रा काम भएको उनले जानकारी गराए । "यसबाहेक जनतालाई दुःख परेका बेला र ठाउँमा सरकारबाट तत्काल सक्दो सहयोग गर्ने काम भएका छन्," प्रधानमन्त्री दाहालले भने । उनले शुक्रबार ललितपुरको बालकुमारीमा दुईजना युवाको ज्यान जानेगरी भएको घटनाका सम्बन्धमा दुःख व्यक्त गर्दै घटनाका सम्बन्धमा छानबिन गर्न समिति गठन गरिएको पीडित परिवारलाई राहत दिने काम अघि बढेको जानकारी गराए ।

कांग्रेसले पार्टीका संस्थापक विश्वेश्वरप्रसाद कोइरालालगायत नेताहरु राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किएको दिनको सम्झनामा हरेक वर्ष पुस १६ गते मेलमिलाप दिवस मनाउँदै आएको छ । मुलुकको सार्वभौम सत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेत रहेका बिपीको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेत्री शैलजा आचार्य, नेताहरु खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थीलगायत नेताहरु मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वासित जीवनपछि २०३३ साल पुस १६ गते स्वदेश फर्किएका थिए ।

# दलहरु एक हुनुपर्ने ओलीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले शान्ति, सुशासन र समृद्धिका सवालमा राजनीतिक दलहरु एक ठाउँमा हुनुपर्ने बताएका छन् ।



नेपाली कांग्रेसले ४८औँ राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले अब औद्योगिक र कृषि क्षेत्रमा आधुनिकीकरण गर्न सबै दलबीच एकताबद्ध हुनुपर्ने आवश्यकता औंल्याए ।

राष्ट्रियताको रक्षा गर्न कांग्रेसका संस्थापक नेता बिपी कोइराला स्वदेश फर्केको प्रसङ्ग उल्लेख गर्दै अध्यक्ष ओलीले भने, "पुर्खाले जोगाएको राष्ट्रियता रक्षा गर्नु हाम्रो कर्तव्य र दायित्व हो, लोकतन्त्रमा प्रतिस्पर्धा हुन्छ, तर यसको रक्षाका लागि एकता आवश्यक छ, हामी एक छौँ ।" उनले सुशासन, विकास निर्माण, सामाजिक न्यायमा सहमति र मेलमिलापको आवश्यकता रहेको धारणा व्यक्त गरे ।

कांग्रेसले पार्टीका संस्थापक विश्वेश्वरप्रसाद कोइरालालगायत नेताहरु राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किनुभएको दिनको सम्झनामा हरेक वर्ष पुस १६ गते मेलमिलाप दिवस मनाउँदै आएको छ ।

मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेत रहेका बिपीको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेत्री शैलजा आचार्य, नेताहरु खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थीलगायत नेताहरु मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वासित जीवनपछि २०३३ साल पुस १६ गते स्वदेश फर्किएका थिए ।


**मधेश प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपंछी तथा मत्स्य विकास निर्देशनालय**

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**मलंगवा, सर्लाही**

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८०/०९/१७**

यस विज्ञ केन्द्रको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु संचालनका लागि "पशुपन्छी तथा मत्स्य फार्म पूर्वाधार निर्माण तथा सुदृढिकरण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७८" र निजि, सार्वजनिक, सहकारी संघ संस्थाको ५०% साझेदारीमा दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोगको लागि "पशुपन्छी तथा मत्स्य व्यवसाय / बजार प्रवर्दन कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७७" ५ (क) ले तोके बमोजिमको शर्तहरु पालन गरी साझेदारीमा कार्यक्रम संचालन गर्न ईच्छुक आवेदकहरुले देहाय बमोजिमको कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ औँ दिन (मिति २०८०/१०/०२ गते ) सम्म कार्यालय समय भित्र सिलबंन्दी प्रस्ताव / आवेदन दर्ता गराउनु हुन आव्हान गरिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि सूचना अधिकारी श्री श्याम सुन्दर राय यादव (अधिकृत छैठौँ) को मोवाईल नं. ९८४४०४९९७५ मा सम्पर्क गर्न सकिने छ ।

| सूचना नं. | कार्यक्रमहरुको नाम | इकाई | परिमाण | प्रति कार्यक्रम अनुदान रकम रु. | पेश गर्दा चाहिने आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्य फार्म पूर्वाधार निर्माण तथा सुदृढिकरण कार्यक्रम | | | | |
| | गाई / भैंसी | संख्या | ४ | ७,५०, ००० | • रु. १० को हुलाक टिकट फा.नं. २ अनुसारको / प्रस्ताव आवेदन ।<br>• फा.नं. ३ बमोजिमको कार्य योजना ।<br>• स्थायी लेखा नं. (PAN) प्रमाण पत्रको प्रतिलिपी ।<br>• करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।<br>• आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।<br>• अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव आदीको) प्रतिलिपीहरु ।<br>• कार्यक्रम संचालन गर्नु पर्ने स्थानको जग्गा धनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाण पुर्जा समेत करार पत्र वा जग्गा धनीको सक्कल मन्जुरनामा (कम्तिमा ५ वर्ष अवधिको ) नोटरी पब्लिक बाट प्रमाणित समेत । |
| | बाख्रा | संख्या | ४ | ५,००,००० | |
| | कुखुरा | संख्या | २ | २,५०,००० | |
| | हाँस | संख्या | ३ | ३,००,००० | |
| २. | निजि, सार्वजानिक सहकारी संघ संस्थाको साझेदारामा दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग | संख्या | ३ | ५,००,००० | • रु. १० को हुलाक टिकट टाँसेका फा.नं. २ अनुसारको / प्रस्ताव आवेदन ।<br>• फा.नं. ३ बमोजिमको कार्य योजना ।<br>• स्थायी लेखा नं. (एब्ल) प्रमाण पत्रको प्रतिलिपी ।<br>• करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।<br>• आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।<br>• अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव आदीको) प्रतिलिपीहरु ।<br>• कार्यक्रम संचालन गर्नु पर्ने स्थानको जग्गा धनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाण पुर्जा समेत करार पत्र वा जग्गा धनीको सक्कल मन्जुरनामा (कम्तिमा ५ वर्ष अवधिको ) नोटरी पब्लिक बाट प्रमाणित समेत ।<br>• डेरी व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी ।<br>• किसान परिचय पत्रको प्रतिलिपी ।<br>• लागत प्रतिवद्धता ( स्वघोषणा )<br>• व्यक्तिको हकमा निजको र कानुन बमोजिम दर्ता भएका समुह, सहकारी, व्यवसायिक निजी फार्मको प्रस्तावमा हस्ताक्षर गर्ने अधिकारिक व्यक्तिको नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी ।<br>• व्यवसायिक फार्म / समुह / संहकारी / निजी फार्म / उधोगीको सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी ।<br>• व्यवसाय योजना बमोजिमको डिजाईन र लागत अनुमान ।<br>• समुह / सहकारीको हकमा कार्यक्रम कार्यान्वन प्रतिवद्धता सम्बन्धित अधिकारिक (बैठक) निर्णयको प्रतिलिपी । |

**नोट**:- प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ । गत विगत तिन आ.व. भित्र कुनै विषयमा अनुदान पाई सकेको व्यक्ति / संस्थाले सोही विषयमा पुनः अनुदान पाउने छैन । झुटो विवरण पेश गरेको प्रमाणित भएमा जनुसुकै बेला आवेदन / निवेदन रद्ध हुने छ ।

**नि.कार्यलालय प्रमुख**

वर्षान्त २०२३ :

# विश्व अर्थतन्त्र थलिएको वर्ष

काठमाण्डु । वर्ष २०२३ विश्व अर्थतन्त्रका लागि फलिफाप रहेन । युद्ध, भूराजनीतिक तनाव, व्यापारिक सम्बन्धको उतार-चढावजस्ता कारणले विभिन्न देशका अर्थतन्त्र प्रत्यक्ष प्रभावित भए । परोक्ष प्रभाव भने विश्वभर देखियो । आपूर्ति शृृ्खला खलबलिँदा खाद्य सङ्कट, ऊर्जा तथा पेट्रोलियम सङ्कटलगायतको सामना मानव जगत्ले गर्नुपर्यो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्ति प्रणालीमा देखिएको व्यवधानलगायतका कारण मुद्रास्फीति उच्च रहन गएको पृष्ठभूमिमा हुन गएको ब्याजदरको बढोत्तरीले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त देखियो । कोभिड-१९ महामारीका कारण सिर्जित समस्याको निराकरण हुन नपाउँदै रूस-युक्रेन युद्ध र पछिल्लो समय इजराइल-हमास तनावका बाछिटा विश्व अर्थतन्त्रमा देखिए ।

अन्तर्राष्ट्रिय मुद्राकोषले विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा न्यून रहने र सन् २०२४ मा सामान्य सुधार आउने प्रक्षेपण गरेको छ । मुद्राकोषको गत अप्रिलको प्रक्षेपणअनुसार विश्व अर्थतन्त्र सन् २०२३ मा दुई दशमलव आठ प्रतिशत र सन् २०२४ मा तीन प्रतिशतले विस्तार हुने देखिएको छ । त्यस्तै, उच्च मुद्रास्फीतिको स्थिति विश्व अर्थतन्त्रका लागि यस वर्षको अर्को ठूलो समस्याका रूपमा रह्यो । सन् २०२३ मा विश्व मुद्रास्फीति सात प्रतिशत र सन् २०२४ मा चार दशमलव नौ प्रतिशत रहने प्रक्षेपण मुद्राकोषले गरेको छ । अधिकांश देशका केन्द्रीय बैङ्कहरूले सन् २०२२ को सुरुदेखि अवलम्बन गर्दै आएको कसिलो मौद्रिक नीतिको कार्यदिशालाई सन् २०२३ मा पनि कायमै राखे । विकसित मुलुकहरूले अवलम्बन गरेको कसिलो मौद्रिक नीतिको प्रभाव वित्तीय बजारमा पर्न नदिन उदीयमान मुलुकहरूले पनि कसिलो मौद्रिक नीति अपनाए । चर्को ब्याजदर र कर्जा विस्तारमा सङ्कुचनको अवस्था अधिकांश मुलुकका बैङ्क वित्तीय संस्थामा देखियो । चर्को मूल्यवृद्धि र उपभोक्ता खपतमा ह्रासको स्थिति उपभोक्ता बजारमा देखियो ।

### अमेरिकी बैङ्क धराशायी

आर्थिक र वित्तीयरूपमा अमेरिकाले यस वर्ष सन् २००८ को आर्थिक मन्दीयताको सबैभन्दा खराब समयको सामना गर्नुपर्यो । गत मार्चमा अमेरिकाको सिलिकन भ्याली बैङ्क डुब्यो । वित्तीयरूपमा समस्याग्रस्त भएर निक्षेपकर्ताको बचतसमेत फिर्ता दिन नसक्ने अवस्थामा पुगेपछि उक्त बैङ्कलाई गत मार्च १० मा क्यालिफोर्निया डिपार्टमेन्ट अफ फाइनान्सियल प्रोटेक्सन एन्ड इनोभेसल (डिएफपिआई) ले बन्द भएको घोषणा गर्यो । त्यस्तै, अमेरिकाकै सिग्नेचर बैङ्क मार्च १२ र रिपब्लिक बैङ्क मे १ मा बन्द भएको घोषणा गरियो । ती बैङ्कबाट ठूलो रकम लगानी भएका प्रविधि (टेक) कम्पनी डुब्नु र क्रिप्टोलगायत अभौतिक मुद्रा (भर्चुअल करेन्सी) को कारोबारमा ठूलो गिरावट आउनुलाईलाई अमेरिकी बैंकिङ प्रणाली धराशायी हुनुको मुख्य कारण मानिएको छ । त्यस्तै, बैङ्कका निक्षेपकर्ताको बैङ्कप्रति विश्वास नहुनु र आफ्नो बचत एकैपटक फिर्ता माग्नु ती बैङ्क डुब्नुको कारण बन्यो ।

### आर्टिफिसियल इन्टेलिजेन्सको दबदबा

कृत्रिम बौद्धिकता अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) को प्रार्दुभाव, प्रयोग र त्यसको परिणाममाथिको विमर्श विश्वभर नै यस वर्ष 'हटकेक'का रूपमा रह्यो । सन् २०२२ को अन्त्यतिर च्याटजिपिटी आएपछि त्यसले विश्वभर नै एक किसिमको तरङ्ग सिर्जना गर्यो । ओपनएआईको च्याट जिपिटी, गुगलको च्याटबट, क्यारेक्टर डट एआई, क्विलवोट, मिडजर्नी, हगिङ फेस, बार्ड, नोभेल एआई, क्यापकटलगायतका एआई टुलहरू प्रयोगमा छन् । विद्युतीय उपकरण अर्थात् मेसिनले नै मानिस जसरी सोच्नसक्ने र निर्णय लिनसक्ने क्षमतासहित बनाइएको एआईको प्रयोगका कारण विभिन्न पेशामा पार्नसक्ने असरको पक्ष एकातिर छ भने अर्कोतिर यसको दुरुपयोगको सम्भावनाबारे पनि विश्वभर अझै बहस चलिरहेको छ । एआई अर्थात् आर्टिफिसियल इन्टेलिजेन्सलाई 'कोलिन्स वर्ड अफ दि इयर'को उपमा दिइएको छ ।



### सुनको मूल्य हालसम्मकै उच्च

यस वर्ष विश्व बजारमा सुनको मूल्य हालसम्मकै उच्च पुग्यो । यही डिसेम्बर ४ मा विश्व बजारमा सुनको मूल्य प्रतिऔस अमेरिकी डलर दुई हजार एक सय ५२ दशमलव तीन डलर पुगेको थियो । भूराजनीतिक अस्थिरता र अमेरिकी डलरको भाउ घट्दै जाँदा सुनको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको हो । त्यस्तै, केन्द्रिय बैङ्कहरूले आफ्नो भुक्तानी पर्याप्तता (रिजर्भ) बलियो पार्न बैङ्क नोटको सट्टा सुनलाई जम्मा गर्न थालेका कारण पनि मूल्य बढेको ठानिएको छ ।

### सङ्कटग्रस्त श्रमबजार

मुख्यगरी प्रविधि कम्पनी र औद्योगिक क्षेत्रमा देखिएको समस्याका कारण कामदार कटौती गर्नुपरेको विषयले यस वर्ष विश्व श्रमबजारलाई तरङ्गित बनायो । गत जनवरीमा अमेजनले १८ हजार कर्मचारी कटौती गर्यो भने माइक्रोसफ्टले मार्चमा १० हजार कर्मचारी र त्यही महिना गुगलले १२ हजार कर्मचारी कटौती गर्ने निर्णय गरे । श्रमिक अधिकारका लागि अमेजन, वालमार्ट, फेडेक्स, टार्गेट, इन्स्टाकार्ट, अमेजनलगायत कम्पनीका कामदारले कोभिड महामारीपछि हड्ताल गर्नुपरेको समाचार विश्वभरका समाचार माध्याममा छाए । त्यस्तै, 'राइटर्स गिल्ड अफ अमेरिका' त्यहाँको मोसन पिक्चर्स र टेलिभिजन निर्माताको गठबन्धन विरुद्ध लामो समय आन्दोलन गरे । यो आन्दोलनको स्थिति सिर्जना हुनुमा आर्टिफिसियल इन्टेलिजेन्सका कारण 'कन्टेन्ट राइटर' को जागिर खोसिएको विषयलाई पनि जोडेर हेरिएको छ ।

### असमानताको वर्ष

विश्व बैङ्कले आफ्नो समीक्षामा सन् २०२३ लाई असमानताको वर्ष भनेको छ । जलवायु परिवर्तन, युद्ध, खाद्य असुरक्षालगायतका कारण कोभिड महामारीको समयमा भन्दा पनि सन् २०२३ मा खराब स्थितिको सामना गर्नुपरेको उल्लेख गरेको छ । विश्व बैङ्कका अनुसार अहिले विश्वभर करिब ७० करोड मानिसले चरम गरिबीको सामना गरिरहेका छन् । त्यस्तै, करिब साढे १८ करोड मानिस अर्थात् विश्वको कुल जनसङ्ख्याको दुई दशमलव तीन प्रतिशत शरणार्थी र आप्रवासीका रूपमा बसिरहेका छन् । धनी र गरिबबीचको खाडल यस वर्ष थप गहिरिएको विश्व बैङ्कको ठहर छ ।

### युद्धले अस्तव्यस्त विश्व व्यापार

विश्व व्यापार सङ्गठन (डब्लुटिओ) ले सार्वजनिक गरेको 'वर्ल्ड ट्रेड स्टाटिस्टिकल रिभ्यु २०२३' प्रतिवेदनअनुसार रुस-युक्रेन युद्ध, बढ्दो मुद्रास्फीति, कसिला मौद्रिक नीति, अधिकांश मुलुकमा देखिएको सार्वजनिक ऋणको चापलगायतका कारण सन् २०२२ जस्तै २०२३ मा पनि विश्व व्यापारले अपेक्षित गति लिन सकेन र सहज अवस्था बन्न सकेन । सन् २०२२ फेब्रुअरीदेखि चलिरहेको रुस-युक्रेन तनावका बाछिटा विश्व अर्थतन्त्रमा गम्भीररूपमा देखिइरहेका बेला गत अक्टोबर ७ मा इजराइल-हमास युद्ध शुरु भएपछि विश्व व्यापार थप अस्तव्यस्त भएको छ भने आपूर्ति शृृ्खला टुटेका छन् । यी दुई युद्धका कारण पेट्रोलियम र खाद्य पदार्थको बजार सबैभन्दा बढी प्रभावित हुन पुग्यो भने सहज आपूर्ति हुन नसक्दा मूल्यवृद्धि बढ्यो । विश्वको सबैभन्दा ठूलो चामल निर्यातक देश भारतले गत जुलाईमा निर्यात प्रतिबन्धको घोषणा गर्‍यो । भारतले यस्तो निर्णय लिनुको मुख्य कारण भूराजनीतिक अस्थिरताका कारण बढ्दो खाद्य सङ्कटलाई मानिएको छ । यमनको हुथी समूहले यही डिसेम्बर पहिलो साता 'रेड सी'को समुद्री मार्ग हुँदै गइरहेका पेट्रोलियम र कार्गो पानीजहाजमा आक्रमण गरे । यो समुद्री रुटबाट हुने व्यापारले विश्व व्यापारको करिब १२ प्रतिशत हिस्सा ओगट्छ । उक्त रुटमा हुथी समूहबाट भएको आक्रमणका कारण एसिया र युरोपको व्यापारमा नराम्रो असर परेको छ ।

### श्रम बजारमा महिलाको योगदानबारेको अध्ययनलाई नोबेल पुरस्कार

श्रम बजारमा महिलाको योगदानबारे गरिएको अध्ययनलाई यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार दिइएको छ । हार्वर्ड विश्वविद्यालयका प्राध्यापक ७७ वर्षीया क्लाउडिया गोल्डिनलाई यो पुरस्कार दिइएको हो । श्रम बजार र पारिश्रमिकमा हुने लैङ्गिक विभेद विषय नयाँ होइन । तर क्लाउडियाले शताब्दीऔँदेखि महिलाको कमाइ र श्रम बजारको सहभागिताबारे बृहत् अध्ययन गर्नुभएको थियो । यो अध्ययनको केन्द्रमा महिलाको विवाह र घरपरिवारप्रतिको जिम्मेवारीलाई राखेर विश्लेषण गरिएको र महिलाले गर्ने कमाइलाई बहुआयामिक पक्षबाट विश्लेषण गरिएको जनाइएको छ ।

### ट्वीटरको रिब्राण्डिङ

अर्बपति इलन मस्कले २०२२ अक्टोबरमा सामाजिक सञ्जाल ट्वीटरलाई ४४ अर्ब अमेरिकी डलरमा खरिद गरेपछि यो विषयले विश्वभर चर्चा छायो । ट्वीटरलाई थप परिस्कृत र परिमार्जन गर्दै जाने बताउने गरेका मस्कले २०२३ जुलाई २३ देखि ट्वीटरलाई एक्सका रूपमा 'रिब्रान्ड' गर्नुभयो । एक 'सुपर एप'का रूपमा एक्सलाई स्थापित गर्ने लक्ष्यसहित यस्तो निर्णय लिइएको मस्कको भनाइ थियो । त्यसो त ट्वीटर खरिदपछि पुराना कर्मचारीलाई मस्कले बर्खास्त गरेको र विभिन्न कानूनी उल्झनमा पर्नुपरेको विषय पनि चर्चामा रह्यो ।

### धेरै मुलुकमा टिकटक प्रतिबन्ध

सामाजिक सद्भाव र वातावरणमा खलल पुऱ्याएको ठहर गर्दै गत कात्तिक २७ गते नेपाल सरकारले मामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गऱ्यो । नेपालले मात्र नभई यस वर्ष अरु थुप्रै देशले चिनियाँ टेक-कम्पनी बाइटडान्सअन्तर्गतको भिडियो सेयरिङ प्लेटफर्म टिकटकलाई बन्देज गर्ने घोषणा गरे । व्यक्तिगत गोपनीयता र तथ्याङ्कको गोपनीयतामाथि प्रश्न उठाउँदै सन् २०२३ को फेब्रुअरीमा युरोपियन कमिसन, युरोपियन पार्लियामेन्ट र युरोपियन युनियन काउन्सिलले सरकारी कर्मचारीको मोबाइल डिभाइसमा टिकटक बन्द गर्ने निर्णय गर्यो । त्यस्तै निर्णय अमेरिका र क्यानडाले पनि गरे । ती देशका सरकारी कर्मचारीलाई ३० दिनभित्र आफ्ना डिभाइसबाट टिकटक हटाउन भनिएको थियो । संयुक्त अधिराज्य, न्युजिल्याण्ड, डेनमार्कलगायत देशले पनि टिकटकमाथि प्रतिबन्ध लगाए ।

### विश्व तापमान हालसम्मकै उच्च

नासाले २०२३ सेप्टेम्बर १४ मा पृथ्वीको तापमान हालसम्मकै उच्च विन्दुमा पुगेको जनायो । त्यस्तै, विश्व मौसम विज्ञान सङ्गठनले कोप २८ सम्मेलनका क्रममा सन् २०२३ लाई मानव इतिहासकै सबैभन्दा गर्मी भएको वर्षका रूपमा बतायो । अत्याधिक गर्मीका कारण हिमालय र अन्टार्टिकाको हिँउ तीव्ररूपमा पग्लिरहेको तथा समुद्रको सतह बढेको र पानी तातो हुँदै गएकोबारे सङ्गठनले विश्व समुदायको ध्यानाकर्षण गरायो ।

### उदीयमान भारत

गत मे महिनामा भारत चीनलाई उछिनेर विश्वको सबैभन्दा धेरै जनसंख्या भएको मुलुक बन्यो । त्यस्तै गत अगस्ट २३ मा भारतले चन्द्रयान-३ पठाएर चन्द्रमा पुग्ने चौथो मुलुक र चन्द्रमाको दक्षिणी ध्रुवमा अन्तरिक्षयान अवतरण गराउने पहिलो मुलुक बन्यो । (विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमको सहयोगमा) रासस

# वर्षान्त २०२३ : रुस-युक्रेन तनाव, युद्धविराम हुने अझै सम्भावना देखिएन



काठमाण्डु । रुसले यही डिसेम्बर २९ तारिखका दिन युक्रेनको राजधानी किभसमेत ओडिस्सा, डेनिप्रो, खार्खिभ, लभिभ समेत धेरैवटा शहरलाई लक्षित गरी एक सय ५८ वटा हाइपरसोनिक क्षेप्यास्त्र, ड्रोनले आक्रमण गर्यो । अहिलेसम्मकै सबैभन्दा ठूलो आक्रमण मानिएको यस घटनामा परेर कम्तीमा ३० जना युक्रेनीको ज्यान गएको थियो भने दुई सयभन्दा बढी मानिस घाइते भएका छन् । त्यसलगत्तै युक्रेनले पनि भोलिपल्ट अर्थात् डिसेम्बर ३० का दिन रुसको पश्चिमी क्षेत्र बेल्गोरोड शहरलाई लक्षित गरी ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको थियो, र यस घटनामा पनि कम्तीमा २० जना रुसी नागरिकको ज्यान गएको अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले जनाएका छन् ।

यी पछिल्ला आक्रमण-प्रत्याक्रमणका घटनाहरूले रुस-युक्रेन युद्ध तत्कालै साम्य हुने वा युद्धविरामतर्फ उन्मुख हुने कुनै सम्भावना देखिन्न । दुई वर्षअघि सन् २०२२ फेब्रुअरी २४ का दिन रुसले छिमेकी मुलुक युक्रेनमाथि सैन्य हमला थालेको थियो । केही दिन वा महिनामै रुसले युक्रेनलाई नियन्त्रणमा लिइहाल्छ भन्ने सबैको अड्कल थियो, तर पश्चिमा मुलुकको सहयोग र समर्थन पाएर उत्साहित भएको युक्रेनले रुसलाई ठाउँठाउँमा रोकेर राखेको छ । दुई वर्षदेखि अविराम चलिरहेको यो युद्ध कहिले टुङ्गिने हो कसैले भन्न सक्ने अवस्था छैन । रुस-युक्रेन युद्धलाई लिएर पश्चिमा विश्लेषकहरूले दुईवटा विकल्पमा विचार गरिरहेका थिए: पहिलो, युक्रेनलाई रुसले केही दिनकै अन्तरालमा परास्त गर्नेछ, र त्यहाँ रुस समर्थक सरकार बन्नेछ । दोस्रो, रुसमाथि प्रत्याक्रमण हुनेछ र रुसले बाध्य भएर आफ्ना सेना फिर्ता गर्नेछ । तर यी दुवै अनुमान गलत सावित भइसकेका छन् ।

### रूस-युक्रेन युद्धको पृष्ठभूमि

सन् २०१४ मा युक्रेनको पूर्वी भेगमा रहेको क्राइमियालाई रुसले सैनिक हस्तक्षेपमार्फत रुसमा गाभेको थियो । यही समयदेखि रुसले भित्रभित्रै युक्रेनको पूर्वी डोनबास क्षेत्रमाथि नियन्त्रण गर्ने प्रयास थालेको थियो । खासगरी यस क्षेत्रमा रुसी भाषी समुदायको बाहुल्य थियो । रुसी भाषी जनतामाथि युक्रेनी सुरक्षा फौजले दमन गरेको भन्दै डोनबास क्षेत्रलाई युक्रेनबाट अलग गर्न पृथकतावादी आन्दोलन पनि चर्किएको थियो जसलाई रुसको राजनीतिक समर्थन र सैनिक सहायता उपलब्ध थियो ।

रुसले डोनबास क्षेत्रमा सक्रिय पृथकतावादीलाई समर्थन गरेसँगै पश्चिमा मुलुकले रुसविरुद्ध आर्थिक नाकाबन्दी लगाइरहेका थिए, तर सन् २०२२ मा युक्रेन विरुद्ध आक्रमण गरेपछि लगाइएका आर्थिक प्रतिबन्धहरू रुसले थेग्न नसक्ने अड्कलबाजी गरिएका थिए । तर त्यस्तो भएन ।

पश्चिमा सैन्य गठबन्धन उत्तर एटलान्टिक सैन्य गठबन्धन (नेटो) को युरोपको पूर्वी क्षेत्रमा विस्तारसँग पनि रुस-युक्रेन युद्धलाई हेर्ने गरिएको छ । खासगरी रुसको अनुरोध र अमेरिका-रुसबीच भएको सहमतिलाई उल्लङ्घन गरी अमेरिकी अग्रसरताको नेटोको विस्तार हुँदै रुसका छिमेकी मुलुकसम्म आइपुगे पछि रुस चिढिएको थियो । रुसले आफूमाथि सुरक्षा खतरा बढेको भन्दै यस्तो नगर्न रुसी राष्ट्रपति पुटिनले चेतावनी दिइरहनुभएको थियो ।

### पश्चिमा सहयोग

रुस-युक्रेन युद्धलाई लिएर संयुक्तराज्य अमेरिका, बेलायत, जर्मनी, फ्रान्ससमेतका पश्चिमा मुलुकले युक्रेनलाई राजनैतिक तथा सैनिक सहायता उपलब्ध गराइरहेका छन् । युक्रेनलाई अमेरिकी अग्रसरतामा सैन्य सामग्री, पैसा, तालिमसमेतका सबै किसिमको सहयोग दिइरहेका छन् । पछिल्ला विवरणअनुसार, अमेरिका एक्लैले युक्रेनलाई ७५ अर्ब डलरभन्दा बढीको आर्थिक सहयोग गरिसकेको छ जसमा मानवीय सहायता, वित्तीय सहयोग, सुरक्षा सहायता, हातहतियार तथा अनुदान एवं ऋण समावेश छ । अमेरिका र उसका सहयोगी युरोपेली मुलुकहरूले युक्रेनलाई सैनिक बन्दोबस्तीका सामान, तालिम, क्षेप्यास्त्रहरू, हवाई प्रतिरक्षा प्रणाली, टयाङ्कहरू, ड्रोनहरू, लडाकू विमान, राडारसमेतका अत्याधुनिक उपकरण उपलब्ध गराएका छन् ।

अझै, पछिल्लो समय युक्रेनलाई उपलब्ध गराउन प्रस्ताव गरिएको ६१ अर्ब डलरको सहायता अमेरिकी कङ्ग्रेसमा विचाराधीन छ भने युरोपेली युनियनले उपलब्ध गराउन प्रस्ताव गरेको ५४ अर्ब डलरको प्याकेज हङ्गेरीको असहमतिका कारण अनुमोदन हुन सकेको छैन । यी दुवै सहायता प्याकेज ढिलोचाँडो युक्रेनले प्राप्त गर्नेछ ।

यसबीच, इजरायल-हमास युद्धपछि संयुक्तराज्य अमेरिकासमेत पश्चिमा मुलुकको ध्यान इजरायलतर्फ पनि मोडिएको छ । इजरायललाई आर्थिक तथा सैनिक सहायता उपलब्ध गराउनुपर्ने दबाब बढेको अवस्थामा युक्रेनलाई पनि समानरूपमा सहयोग गर्न पश्चिमा राष्ट्रहरूलाई कठिनाइ उत्पन्न भएको छ ।

### युक्रेनी प्रत्याक्रमण योजना बिफल

युक्रेनी राष्ट्रपति भोलोदिमर जिलेन्स्कीले रुसको नियन्त्रणमा रहेको क्राइमियासमेत सम्पूर्ण पूर्वी क्षेत्रलाई रुसबाट मुक्त गराउने गरी जुन २०२३ मा एक महत्त्वाकांक्षी प्रत्याक्रमण योजना अघि सारेका थिए । यस योजनामा पश्चिमा मुलुकहरूले पनि समर्थन जनाएर युक्रेनलाई व्यापकरूपमा हातहतियार उपलब्ध गराए । झण्डै एक हजार किलोमिटर लामो फ्रन्टलाइन छिचोल्ने गरी रुसविरुद्ध भीषण प्रत्याक्रमण पनि थालियो, तर रुसले युक्रेनी ट्याङ्क र सैनिकलाई रोक्न सफल भए । अर्थात् जतिसुकै प्रयत्न गरे पनि रुसलाई पछि धकेल्न युक्रेनी फौज सफल भएनन् । अहिले पनि युक्रेनको झण्डै १८ प्रतिशत पूर्वी भूभागमा रुसको नियन्त्रण कायम छ । यहीबीच रुसले बरु प्रत्याक्रमण थालेको बताइएको छ । यद्यपि यस प्रत्याक्रमण योजनामा ठूलै सङ्ख्यामा दुवै मुलुकका सेना हताहत भएको र हातहतियार नष्ट भएको छ ।

किङ्स कलेज लन्डनका युद्ध अध्ययन विभागका प्राध्यापक बार्बरा जान्चेटाको विचारमा सन् २०२४ मा युक्रेनमाथि थप दबाब सिर्जना हुनेछ । खासगरी अमेरिकी जनमत सर्वेक्षणले वर्तमान राष्ट्रपति जो बाइडेनभन्दा नेटोप्रति खासै उत्साहित नरहेका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प अगाडि रहेको देखाएकाले ट्रम्पले यही वर्ष हुने अमेरिकी राष्ट्रपतीय चुनावमा विजय हासिल गरे युक्रेनलाई प्रदान गर्ने अमेरिकी सहायतामा पनि कटौती हुने सम्भावना छ ।

तर नेटोका महासचिव जेन्स स्टोल्टेन्बर्गले युरोपलाई बचाउने हो भने युक्रेनलाई सहायता निरन्तर उपलब्ध गराउनुपर्ने जिकिर गर्नुभएको छ । उहाँले भन्नुभएको छ, "यदि पुटिनले युक्रेनलाई परास्त गरे भने उनको यो अभियान त्यतिमै रोकिने छैन । हामीले गर्ने सहायता परोपकारी काम मात्र होइन - यो हाम्रै भावी सुरक्षाका लागि लगानी हो ।"

### रुसी राष्ट्रपति पुटिन अझ शक्तिशाली


रुस-युक्रेन युद्धमा खासै सफलता प्राप्त नभएको भन्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको प्रशासन नै धरापमा पर्ने सम्भावना व्यक्त गरिरहेकै अवस्थामा उहाँ झन शक्तिशाली देखिएको पश्चिमा सञ्चार माध्यमले जनाएका छन् । यसै वर्ष हुन लागेको रुसको राष्ट्रपतीय निर्वाचनमा पुटिन फेरी उम्मेदवार हुने सार्वजनिक भइसकेको छ । जनमत सर्वेक्षणहरूले पुटिनको विजययात्रा रोक्ने कुनै उम्मेदवार नरहेको देखाइरहेका छन् । युक्रेनविरुद्ध लडिरहेको वाग्नर समूहले गरेको सैन्य विद्रोहलाई कूटनीतिक चालबाजीका साथ धराशायी बनाउन सफलता प्राप्त गरेसँगै पुटिनको लोकप्रियता रुसमै बढ्दो रहेको छ ।

रुस-युक्रेन युद्धको असर विश्वभर देखिने अनुमान गरिएको थियो । खासगरी विश्वभर खनिज तेल र खाद्यान्नको मूल्य बढ्ने आकलन गरिएका थिए । रुसी इन्धनमाथि प्रतिबन्ध लगाउने घोषणा पश्चिमा देशहरूले गरेका थिए, तर चीन र भारतसमेतका मुलुकले सस्तोमा रुसी तेल खरिद गरेपछि रुसमाथि आर्थिक दबाब सिर्जना नभएको रिपोर्टहरूले देखाएका छन् । रुस-युक्रेनले विश्वभर नै खाद्यान्न, इन्धन र अन्य सामानको मूल्यवृद्धि गराएको अवस्थामा यस युद्धलाई जतिसक्दो चाँडो अन्त्य गराउने प्रयास सम्भवतः सन् २०२४ मा पनि हुनेछ । युद्धरत पक्षहरू अझै टसमस नभएको अवस्थामा कसरी, कुन, कस्तो सहमतिमा यो युद्ध टुङ्गिन्छ भन्ने अनुमान लगाउन अहिल्यै कठिन छ । (विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमको सहयोगमा) रासस

# सन् २०२४ सँगै 'नयाँ सुरुवात' को आशामा इजरायली युवा

एएफपी

तेल अभिभ । सन् २०२४ को नयाँ वर्षको आगमनमा घण्टी बजेको केही सेकेन्डपछिइजरायली युवा नयाँ बर्ष मनाउँन तेल अभिभ शहरका सडकमा बेफिक्री हिँडिरहेका देखिन्थे । क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीले रकेटलाई आकाशमा रोकेको आवाज सुन्दा उनीहरू झसङ्ग हुन्थे तर रेष्टुरेन्ट तथा पार्टी प्यालेसहरूमा रम्ने कोशिस गरिरहेका देखिन्थे ।



गत अक्टोबर ७ को बिहानीपख दक्षिण इजरायलमा हमासले गरेको आक्रमण र त्यसपछि इजरायल र हमासबीचको युद्धलाई बिर्सने कोसिस गरिरहेका थिए । यसले नयाँ वर्षको पूर्वसन्ध्या मनाउन भेला भएका थुप्रै युवामा लडाईंको थकानलाई उजागर गरेकोजस्तो देखिन्थ्यो ।

२६ वर्षीय गेब्रियल जेमेलम्यानले रकेट प्रहारपछि स्थानीय बारअगाडि उभिएर भन्नुभयो, "हामी जता जाँदा पनि त्रासको अनुभुति गरिरहेका छौं । मेरो मुटुको धड्कन बढिरहेको छ ।" उहाँले थप्नुभयो, "यो तपाईले कल्पना गरेकोजस्तो सामान्य जनजीवन होइन, यहीं जन्मेको मलाई पनि डर लागिरहेको छ । जनजीवन अस्तव्यस्त बनेको छ ।"

हमासको सशस्त्र शाखा इज्जेदिन अल-कासम ब्रिगेडले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियोमा इजरायलले गरेको 'सर्वसाधारणको नरसंहारको प्रतिक्रियास्वरूप' एम-९० रकेट प्रहार गरेको बताएको छ ।

इजरायली सेनाले आक्रमणको पुष्टि गरेको छ तर सुरुमा कुनै हताहत वा क्षतिको विवरण दिएको छैन ।गाजामा जारी युद्धका बावजुद तेल अभिभको सडकमा आइतबार राति सहभागीको भीड लागेको थियो ।१७ वर्षीया छात्रा गेलेरेन्टरले आफू सुरुमा बाहिर आउन 'डराएकी' तर अन्ततः सन् २०२४ को 'नयाँ सुरुवात' मनाउन साथीहरूसँग मिलेर काम गर्ने निर्णय गरेको बताउनुभयो ।

सङ्गीतकार बोअज बेट्सले स्टेजबाट भन्नुभयो, "म शान्तिको लागि प्रार्थना गर्दैछु, मानिसहरूले एकअर्कालाई घृणा गर्न बन्द गरून् र एक साथ आऊन् ।"

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको सरकारको कडा आलोचना गर्दै उहाँले भन्नुभयो, "युद्धविराम अपरिहार्य छ । यो रोकिनुपर्छ । तर उनी (नेता)हरू मैदानमा लडिरहेका छैनन् ।"

इडो हर्भिट्ज नयाँ वर्षमा घण्टी बजाउन निजी पार्टीमा जानुअघि एक रेस्टुरेन्टमा डिनरका लागि आउनुभएको थियो । उहाँले भन्नुभयो, "हामीसँगै बस्न सिक्न सक्छौं किनकि हामीमध्ये अधिकांश शान्ति चाहन्छौं ।"

हर्भिट्जले भन्नुभयो, "हाम्रो देश युद्धमा छ, तर हामीले हाम्रो जीवनलाई जारी राख्नुपर्छ, यो हाम्रो जित्ने तरिका हो ।"

उहाँसँगै २४ वर्षीया रिजर्भिस्ट शिर ताइतोउले पनि आफू बाहिर आउन चाहेको तर आफ्ना केही साथीहरू गाजामा परिचालन भएकोमा 'दुःखी' भएको बताउनुभएको थियो ।

अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको रक्तपातपूर्ण आक्रमणका कारण करिब एक हजार १४० जनाको मृत्यु भएको इजरायलले पुष्टि गरेको छ । उक्त हमासका लडाकूहरूले करिब २५० जनालाई बन्धक बनाएका थिए, जसमध्ये अधिकांश गाजामै छन् ।

त्यसको प्रत्युत्तरमा इजरायलले गाजा पट्टीमा विनाशकारी आक्रमण सुरु गरेको थियो, जसले गाजाको विशाल क्षेत्रलाई उजाड भूमिमा परिणत गरेको छ र कम्तिमा २१ हजार ८२२ व्यक्तिको मृत्यु भएको र मारिनेमा अधिकांश महिला र बालबालिका रहेका हमासको नियन्त्रणमा रहेको गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

तेल अभिभको एउटा बारको सामुन्ने मानिसहरू सडकमा नाच्दै थिए । उनीहरूले एउटा ठूलो साइनबोर्डमुनि 'रिमिक्स' गीत सङ्गीत बजाइरहेका थिए । साइनबोर्डमा अपहरित व्यक्तिलाई सङ्केत गर्दै लेखिएको थियो, "अब तिनीहरूलाई घर ल्याऊ!"

# आलुखेती विस्तार हुँदै



**टुडे समाचारदाता**

मध्यविन्दु । नवलपरासी( बर्दघाट सुस्तापूर्व)मा आलुखेतीप्रति किसान आकर्षित भएका छन् । जिल्लामा यस वर्ष तीन हजार दुई सय २५ हेक्टर क्षेत्रफलमा आलुखेती भएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए ।

“गतवर्ष तीन हजार एक सय ७५ हेक्टरमा आलुखेती भएकोमा यो वर्ष ५० हेक्टर जमिनमा थप विस्तार भएको छ”, प्रमुख लामिछानेले भने, “गतवर्ष जिल्लामा ५७ हजार तीन सय ५४ मेट्रिक टन आलु उत्पादन भएको थियो ।” जिल्लामा व्यावसायिक आलु खेती गर्ने किसानको स ्या प्रत्येक वर्ष बढेको तथ्याङ्कमा देखिएको छ । “आलु उत्पादनका हिसाबले नवलपरासी(बर्दघाट सुस्तापूर्व) आत्मनिर्भर रहेको छ”, उनले भने, “यो वर्ष पनि समय अनुकूल छ, आलु उत्पादन राम्रो हुने अनुमान छ ।”

यसवर्ष आलु उत्पादन पनि बढ्ने केन्द्रको प्रारम्भिक अनुमान छ । कृषि ज्ञान केन्द्रसँगै स्थानीय तहले आलुखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेकाले आलुखेती विस्तार हुँदै गएको हो । “जिल्लामा आलुखेती गर्ने किसानलाई प्रोत्साहन गर्न केन्द्रले चालु आर्थिक वर्षमा रु तीन करोड ९२ लाखको कार्यक्रम सञ्चालन गरेको छ”, उनले भने ।

नवलपरासी(बर्दघाट सुस्तापूर्व) को विनयी त्रिवेणी, हुप्सेकोट र बौदीकाली गाउँपालिका, कावासोती, देवचुली र गैँडाकोट नगरपालिकामा व्यावसायिक आलु खेती गर्ने गरिएको छ ।

# खाजा कटौती हुदाँ वार्षिक ६० लाख जोगिने



**टुडे समाचारदाता**

काठमाण्डु । राज्यका सम्पूर्ण संरचनामा सुधारको घोषणा गरेको सरकारले आजदेखि मन्त्रिपरिषद् बैठकको खाजा खर्च कटौती गरेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सोमबार बिहान सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा ससाना विषयबाट सुधारको थालनी गर्नुपर्ने भन्दै बैठकको खाजा कटौती गरिएको जानकारी गराउनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

खाजा बापत प्रत्येक मन्त्रिपरिषद् बैठकमा करिब रु ६० हजार खर्च हुने गरेको प्रधानमन्त्री कार्यालयले जनाएको छ । वर्षमा एक सयभन्दा बढी मन्त्रिपरिषद् बैठक हुने गरेका छन् । मन्त्रिपरिषद्मा हुने खाजा कटौती भएसँगै वार्षिक करिब रु ६० लाख जोगिएको प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए । मन्त्रिपरिषद् बैठकमा सामान्य खाजा खुवाउन सुरु गरिएको छ ।

सुशासन र सुधारमा ससाना विषय पनि महत्वपूर्ण मानिने भएकाले प्रधानमन्त्री दाहालले आफ्नै कार्यालयबाट सुधारको थालनी गरेको उनको भनाइ छ । सुशासन र सुधारका कार्यलाई निरन्तर अगाडि बढाइने उनले बताए ।

सरकारको कार्यशैली बदल्ने घोषणा गर्नुभएका प्रधानमन्त्री दाहाल सार्वजनिक बिदाका दिन बाहेक दैनिक १० बजे सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय पुग्ने गरेका छन् । प्रधानमन्त्री सिंहदरबारबाट दैनिक विभिन्न मन्त्रालयका ‘ब्रिफिङ’ लिने, राष्ट्रिय गौरवलगायत आयोजनामा देखिएका समस्या समाधानका लागि पहल लिँदै आएका छन् ।

यसैबीच, नेपाल संवत्लाई सम्पूर्ण सरकारी दस्तावेजमा उल्लेख गर्ने सरकारको निर्णय कार्यान्वयनमा आएको छ । विभिन्न अवसरमा प्रधानमन्त्री दाहालले शुभकामना सन्देशमा नेपाल संवत्को मिति उल्लेख गर्न थालिएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए ।

# नेप्से परिसूचकमा आठ दशमलव ७५ अङ्कको गिरावट



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक आठ दशमलव ७५ अङ्कले घटेर दुई हजार ६० दशमलव १५ को बिन्दुमा कायम भएको छ ।

सोमबार विभिन्न तीन सय ६ कम्पनीको एक करोड १८ लाख ९२ हजार पाँच सय ५९ कित्ता शेयर एक लाख दुइ हजार नौ सय पाँच पटक खरिद बिक्री हुँदा रू चार अर्ब ४८ करोड ३९ लाख ८२ हजार चार सय ६१ बराबरको कारोबार भएको छ ।

सोमबारको कारोबारपछि बैंकिङ समूहको उपसूचक शून्य दशमलव ०१, विकास बैंक शून्य दशमलव १०, लगानी र उत्पादन तथा प्रशोधन समूह समान एक दशमलव ०७ र व्यापार समूह शून्य दशमलव ४५ अङ्कले बढेको छ । जलविद्युत् समूहको उपसूचकमा सबैभन्दा धेरै एक दशमलव ७२ प्रतिशतको गिरावट देखिएको छ ।

त्यस्तै वित्त शून्य दशमलव ८०, होटल तथा पर्यटन एक दशमलव ६७, जीवन बीमा एक दशमलव ५८, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ३१, निर्जीवन बीमा शून्य दशमलव ७५ र अन्य समूह शून्य दशमलव ३२ प्रतिशतले घटेको छ ।

सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र चिर्खुवा हाइड्रोपावर लिमिटेडकोको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने मोलुङ हाइड्रोपावर कम्पनीको शेयर मूल्य आठ दशमलव ०९ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू २० करोड १३ लाख ७३ हजार छ सय ६२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने मोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको चार लाख ३७ हजार २७ कित्ता शेयर किनबेच भएको छ ।

# गाउँका मौलिक उत्पादन रोजाइमा

**टुडे समाचारदाता**

बलेवा । बालबालिका पिङमा रमाइरहेका छन् । किशोरकिशोरी कलाकारका गीतमा झुमेका छन् । कसैलाई खेलको चिन्ता, कसैलाई व्यवसायको चिन्ता ।

बुधबारदेखि सुरु भएको सातौँ बागलुङ महोत्सवको मुख्य मञ्चको दायाँतर्फका प्रदर्शनी कक्ष भरिभराउ छन् । महोत्सवमा पुग्ने अधिकांश त्यहाँ पुग्छन् । ‘बागलुङ ब्राण्ड’ नाम दिइएको कक्षमा जिल्लामा उत्पादन हुने हरेक वस्तुहरुको प्रदर्शनीका लागि राखिएका छन् ।



ताराखोलाको ढुङ्गादेखि जैमिनीको बाँकोको गुन्द्रुक कक्षमा छन् । जिल्लामा सबैभन्दा धेरै प्राङ्गारिक वस्तुहरुको उत्पादन हुने ताराखोलाले महोत्सवबाट ढुङ्गा चिनाउँदै छ । गाउँपालिकाले उद्यम विकास शाखाको व्यवस्थापनमा ताराखोलाको असली ढुङ्गाबाट बनेका सामग्री प्रदर्शनीमा राखेको छ ।

गाउँघरमा चटनी (पिनेर बनाइने अचार) बनाउन काम लाग्ने सिलौटोलगायतका तयारी सामग्री प्रदर्शनीमा छन् । “यो ताराखोलाको असली ढुङ्गा चिनाउनका लागि प्रदर्शनीमा राखिएको हो । धेरैले हेरेर जानुभयो । केहीले किनेर लैजानुभयो”, ताराखोलाकी उद्यम विकास सहजकर्ता निरु घर्तीमगरले भनिन्, “अरु खाद्यवस्तु पनि प्रदर्शनीमा छन् ।”

ताराखोलाको उत्पादन भुटेको मकै, रातो च्याउ, सिल्टीमुर, मकैको आँटो, सिमी, कर्कलोको भुजुरी, मुलाको धजरा, सिन्की (गुन्द्रुक), चुल्ठे अमिलो, सिस्नोको धुलो, अल्लोको कपडा, अल्लो धागो, उनी सल र अल्लोका झोलाहरु तथा हाते कागज प्रदर्शनीमा राखेको छ । किबी फल, निगालोको काइँयोले महोत्सवमा पुग्ने दर्शकलाई आकर्षित गरेको छ ।

“अहिले बिक्री र आम्दानीभन्दा पनि पहिचान र प्रचारका लागि हामीयहाँ आएका हौँ”, घर्तीले भनिन्, “बिक्रीवितरण पनि सन्तोषजनक छ ।” महोत्सवमार्फत जिल्लाको पहिचान दिने तथा स्थानीय उत्पादनको बिक्रीसँगै प्रचारप्रसार गर्ने उद्देश्यले कक्ष राखिएको रुद्रताल सामाजिक उद्यमी महिला सहकारी जैमिनी नगरपालिका-३ दमेकका अध्यक्ष चित्रा छन्त्यालले बताईन् । मकै, भटमास, आलु चिप्स, बाँकोको गुन्द्रक, सिस्नोको पाउडर, मड्सिरे सिमी तथा भाँगो सहकारीले प्रदर्शनी कक्षमा राखिएको छ ।

महोत्सवमा अन्य प्रदर्शनी कक्षमा भन्दा स्थानीय उत्पादन प्रदर्शनी भइरहेकै कक्षमा दर्शकको चासो बढी रहेको आयोजक संस्था बागलुङ उद्योग वाणिज्य सङ्घका प्रेस सल्लाहकार सुवास आचार्यले बताए । “हामीसँग खानादेखि नानासम्मका प्रदर्शनी कक्ष छन्, बालबालिकाले पिङ र बयस्कले ‘बागलुङ ब्राण्ड’ उत्तिकै प्राथमिकतामा राखेका छन्”, उनले भने ।

महोत्सवका माध्यमबाट स्थानीय उत्पादनको महत्व बढाउन सहज हुने बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले जानकारी दिए । महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलास्तरमा विकास गर्न लागिएको बताउँदै जिल्लामा पाइने भाँगो, गुन्द्रक र रातो च्याउलाई नेपालभर चिनाउन आवश्यक रहेको उनको भनाइ छ ।

महोत्सवमा एक सय २० भन्दा बढी प्रदर्शनी कक्ष छन् । महोत्सव अवधिभर रु १० करोडको कारोबार गर्ने लक्ष्य आयोजकको छ भने करिब सात लाख दर्शकले अवलोकन गर्ने अपेक्षा छ ।

# बजारीकरण गर्न सुन्तला महोत्सव

**टुडे समाचारदाता**

मुग्लिन । चितवनको इच्छाकामना गाउँपालिकामा सोमबारदेखि सुन्तला महोत्सव हुँदैछ । सुन्तलाको बजारीकरण गर्न उक्त महोत्सव आयोजना गरिएको हो ।

गाउँपालिकाको आयोजनामा वडा नं ३ स्थित तोक्दाङ, ढाप, माझगाउँ, सिरानगाउँ, डोडेलगायत गाउँ समेटेर सुन्तला महोत्सव हुन लागेको हो । महोत्सव तीन दिनसम्म चल्ने छ । स्थानीय किसानले उत्पादन गरेको सुन्तलाको बजारीकरण तथा प्रोत्साहनका लागि पहिलोपटक सुन्तला महोत्सव आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले जानकारी दिए ।

उनले भने, “महोत्सवमा आउने पर्यटकले आफैँ बोटमा चढेर सुन्तला टिपेर खान पाउने व्यवस्था गरेका छौँ ।” गाउँपालिकाभित्रका अत्यधिक सुन्तला उत्पादन हुने गाउँलाई समेटेर महोत्सव आयोजना गरिएको उनको भनाइ छ ।

महोत्सवमा सुन्तला धेरै खाने प्रतियोगितासमेत आयोजन गरिनेछ । बजारमा भन्दा सहुलियत मूल्यमा ताजा सुन्तलाको कक्ष महोत्सवमा राखिने अध्यक्ष गुरुले बताए । महोत्सवको अवसरमा सुन्तला कृषकलाई विभिन्न सामग्री वितरण गर्ने, दक्ष कृषि प्राविधिकद्वारा रोगव्याधिसम्बन्धी तालिम दिने काम पनि महोत्सव गरिने छ । स्थानियले बनाएका परिकार पाहुनालाई खुवाउने तथा स्थानिय चेपाङ तथा गुरुङ समुदायको कला संस्कृति झल्किने झाँकी प्रस्तुत गरने छ ।

“इच्छाकामनामा उत्पादन भएका सुन्तला देशका विभिन्न बजारमा बिक्री गर्न सहज हुने विश्वासका साथ महोत्सव आयोजना गरेका हौँ”, अध्यक्ष गुरुङले भने, “यसबाट यहाँका पर्यटकीयस्थलको प्रचारप्रसारमा समेत मद्दत पुग्ने विश्वास छ ।”

गाउँपालिका कृषि विकास शाखाका अनुसार यहाँका चार सय ५० भन्दा बढी किसानले यस वर्षमात्रै सुन्तला बिक्री गरी रु १० करोड आम्दानी लिने अनुमान गरिएको छ । अहिले किसानको बारीबाट सुन्तला प्रतिकिलो रु ७५ देखि रु ९० सम्ममा सुन्तला बिक्री हुने गरेको शाखा प्रमुख आशिष त्रिपाठीले जानकारी दिए । यस वर्ष यहाँ ८० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएको छ ।

# पर्यटकीयस्थलमा चहलपहल

**टुडे समाचारदाता**



काठमाण्डु । अङ्ग्रेजी नयाँ वर्ष सन् २०२४ को पहिलो दिन भक्तपुरका प्रमुख पर्यटकीयस्थलमा चहलपहल देखिएको छ । नगरकोटदेखि रानीकोटसम्मका होटल बाह्य तथा आन्तरिक पर्यटकले भरिभराउ छन् । पर्यटक खचाखच भएपछि यहाँका पर्यटन तथा होटल व्यवसायी उत्साहित भएका छन् ।

कोरोना महामारीले थलिएको पर्यटन व्यवसाय आन्तरिक पर्यटकको आगमन बढेपछि लयमा फर्किएको छ । अङ्ग्रेजी नयाँ वर्षको पहिलो सूर्योदयलाई स्वागत गर्न स्वदेशी तथा विदेशी पर्यटक नगरकोट पुगका छन् । आइतबार राति बास बसेर आज बिहान सूर्योदयसँगै हिमाली दृश्य हेर्ने पर्यटकको आगमन नगरकोटमा बाक्लो थियो । लामो समय ओरालो लागेको पर्यटन व्यवसायमा दुई वर्षयता चहलपहल बढेको र यस वर्षको अङ्ग्रेजी नयाँ वर्षमा भने पर्यटकीय चाप बढ्दा व्यवसायीमा उमङ्ग थपेको नगरकोट बेस क्याम्प रिसोर्टका सञ्चालक अशोक थापा बताउछन् ।

उनले भने, “विदेशी पर्यटकको चाप पनि बढ्दै गएको छ, स्वदेशी पर्यटकको चाप ह्वात्तै बढेको छ ।” सामान्यदेखि तारे होटलमा नगरकोटमा नयाँ वर्षमा स्वदेशी पर्यटकको चाप निकै बढेपछि व्यवसायी उत्साहित भएका छन् ।

स्वदेशी पर्यटकको आगमनले नगरकोट होटल भरिएका होटल मेरीगोल्ड नगरकोटका सञ्चालक गोकुल लामिछाने बताउछन् । उनी भन्छन्, “कोरोनापछि पहिलोपटक यतिधेरै पर्यटक आएका छन् ।”

चाँगुनारायण नगरपालिका-६ नगरकोटका वडाध्यक्ष एवं नगरकोट नाल्दुम पर्यटन व्यवसायी सङ्घका पूर्वसचिव धनबहादुर लामाले नयाँ वर्षमा आन्तरिक पर्यटक नै बढी मात्रामा घुम्न आएका बताए । उनले भने, “एकसाता अगाडिदेखि होटल बुक भएका थिए, कोठा नै नपाउने अवस्था आयो, नेपालीमा पनि घर बाहिर पारिवारिक रमाइलो गर्ने परम्परा बढ्दा पर्यटन व्यवसायी उत्साहित भएका छौँ ।” चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गरी नगरपालिकाले २०८२ सालमा नगरकोट भ्रमण वर्ष मनाउन लागेको बताए । त्यसका लागि नगरपालिकाले आवश्यक पूर्वाधार निर्माणमा यस वर्ष रु एक करोड बजेट विनियोजन गरेको बताए । उनले नगरकोटदेखि चाँगुनारायण मन्दिरको प्रचारप्रसार गर्न भ्रमण वर्ष मनाउन लागिएको बताए ।

सूर्यविनायक नगरपालिका-७ गुण्डु र वडा नं ८ सिपाडोलको संगमस्थल रानीकोट र घ्याम्पेडाँडाका सबै होटल आन्तरिक पर्यटकले भरिएका छन् । यहाँ पर्यटकले रातभरि नाचगान गरी नयाँ वर्ष मनाएको होटल व्यवसायी रामसुन्दर बकेक्ले बताए । नयाँ वर्षका लागि आफ्नो होटल सात दिन अघि नै बुक भएको उनको भनाइ छ ।

## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

### मोहीयानी हकदावी बारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही लखन राय यादव मरुवा रहेकोले मोही लगत कटटा गरी पाउ भनि ज.ध.तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम भै जानेछ ।

**तपसिल**

| ज.ध.को नाम | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| रामविनोद ठाकुर | रौ. | विश्रामपुर | २ | १६७।७७३ | ०-२-१० | भजन राय, लखन राय |
| भिखैनिया देवी, रामचन्द्र राउत | रौ. | विश्रामपुर | २ | १६७।७७४ | ०-२-१० | ,, ,, ,, |

## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

### नामसारी हकदावी बारे ३५ दिने सुचना

यसमा जि.रौ.राजपुर फरहदवा वडा नं.९ हाल राजपुर नपा ३ वस्ने शेख जुल्मीको मिति २०२५ सालमा नै भइ मृतकको हकखाने सबभन्दा नजिकको हकदार छोरा शेख शदिकको छोरी हजरा शेखिन समेतको मृत्यु भएकोले हकखाने हजरा शेखिनको एक मात्र छोरा जि.रौ.बसन्तपटी ५ हाल परोहा न.पा.५ बस्ने शेख नेक मह्मदले जग्गा नामसारी मागदावी पत्र संग संलग्न राजपुर नपा ३ को च.न.३७८।०७०।७।१३ को सिफारिश,सर्जमिन माग गरिएको जग्गाको मोठ भिडान हुदा दर्तावाला शे.जुल्मी राजपुर न.पा.९ उल्लेख रहेकोले यो ३५ दिने सुचना जारी गरिएको छ । निवेदकको नाममा नामसारी हुनुपर्ने हो,होइन,वा निज वाहेक अरु कोही हकदार भए स प्रमाण ३५ दिन भित्रमा यस कार्यालयमा आफु वा रीतपुर्वक वारेस मार्फत प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम.भै जानेछ ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | राजपुर | ९च | १६ | ०-१-६(१/२) | शेख जुल्मी |

## मटिहानी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

धिरापुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

### E-biding procurement स्वीकृत गर्ने आश्यको सुचना

**प्रथम पटक प्रकाशन मिति : २०८०/०९/१७ गते**

यस कार्यालयको मिति २०८०/०७/१६ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा E-biding procurement सम्बन्धि प्रकाशित सूचना अनुसार E-biding procurement of steel parts, steel deck and other with transportation for bharan ghat st(24x2-48M) कार्यको लागि E-biding procurement आव्हान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका E-biding procurement हरु मध्ये न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै E-biding procurement दाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (रु.) (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | 1/Mmun/TB/NCB/080/081 | Procurement of steel parts, Steel Deck and other with Transportation for Bharan Ghat ST (24X2=48 m) bharan ghat Matihani-08, Mahottari | Lumbini Engineering works pvt. Ltd , Butwal | १८३०८०१।७९ |

**प्रमुख प्रशासकीय अधिकृत**

# निर्वाचन अधिकृतको कार्यालय स्थापना

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी माघ ११ गते हुन लागेको राष्ट्रियसभा सदस्य निर्वाचनको तयारीका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

सोमबार जनकपुरधाम स्थित जिल्ला निर्वाचन कार्यालय धनुषाको परिसरमा स्थापना गरिएको निर्वाचन अधिकृतको कार्यालयका निर्वाचन अधिकृत समेत रहेका धनुषा जिल्ला अदालतका मुख्यन्यायाधीश नारायण प्रसाद सुवेदीले उद्घाटन गरे।




उद्घाटन कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डे, धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्मा लगायतको उपस्थिति रहेको थियो।

१९ वटा राष्ट्रियसभा सदस्यको पदमध्ये मधेश प्रदेशमा एक महिला र एक अन्य पद गरी दुई वटाको पदको निर्वाचन हुने निर्वाचन अधिकृत सुवेदीले जानकारी दिए।

प्रदेशसभा सदस्यको मतभार ५३ र स्थानीय जनप्रतिनिधिको मतभार १९ कायम रहेको उनले बताए । राष्ट्रियसभा सदस्यको निर्वाचन मतदान केन्द्र जिल्ला प्रहरी कार्यालय धनुषा अगाडि रहेको महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा हुने उनले बताए। यस निर्वाचनमा सहभागि हुने राजनीतिक दलले यही पुस २८ गते चुनाव चिन्ह पाउने छन्।

# 'आईटी सेना'लाई तालिम

**टुडे समाचारदाता**

गौर। प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले पार्टी निकट अर्ध सैनिक बल भन्दै 'आईटी सेना' निर्माण गरेको छ। आम जनता पार्टीको स्थापना दिवसको अवसरमा आयोजित आईटी आर्मीको राष्ट्रिय भेला सहित शुरू भएको तालिम रौतहटको मौलापुरमा जारी रहेको अध्यक्ष प्रभु साहले जानकारी दिए । उनका अनुसार तालिम एक साता चल्नेछ।

उक्त तालिममा आईटी सम्बन्धी प्रशिक्षणदेखि सैनिक अभ्यास समेत गराइएको बताइएको छ । आईटी आर्मीको प्रदेश अध्यक्ष बालाशंकर कुशवाहाले अहिलेको सूचना प्रविधिको युगमा युवाहरुलाई आईटी सम्बन्धी तालिम अत्यावश्यक रहेको बताए।

आईटी बिना देशको बिकास सम्भव नभएको भन्दै उनले बैदेशिक रोजगारीमा भईरहेको ठगी रोक्न, भ्रष्टाचारीहरुलाई दण्डित गर्न तथा भगौड़ा दलालबाट देशलाई बचाउन आईटी सेना निर्माण अपरिहार्य आवश्यकता भईसकेकोले तालिम समेत सञ्चालन गरिएको उनको भनाइ छ।

आजपाले अहिलेको व्यवस्था असफल भैसकेको दाबी गर्दै देशलाई संकटबाट बचाऊन तत्काल अन्तरिम सरकार गठनको माग गर्दै आएको छ। आजपाका अध्यक्ष साहले सुरक्षा अधिकारीहरु देशको संकटबारे चिन्तित नभए पार्टीको लुटतन्त्रलाई चोख्याउन नै लागे चुप लागेर नबस्ने बताए । अहिलेको संविधानले देश र जनतालाई निकास नदिने ठोकुवा गर्दै उनले अन्तरिम सरकार गठन हुनुपर्छ भन्ने पार्टीको धारणा राखेको बताए।

# कार्यालय सहयोगी मार्फत भन्सार हाकिमको सेटिङ्ग

**टुडे समाचारदाता**

जनकपुरधाम । भन्सार कार्यालय जनकपुरधामका कार्यालय प्रमुख राजेन्द्र बस्नेत विभिन्न भन्सार कार्यालयहरुमा कमिसन व्यवस्थापन गर्न कार्यालय सहयोगीहरुलाई प्रयोग गर्दै आएका छन् । कार्यालय प्रमुख बस्नेतले भन्सार कार्यालय जटही र विभिन्न छोटी भन्सार कार्यालयहरुमा कार्यालय सहयोगीबाट कमिसन उठाउने गरेका छन्।




स्रोतका अनुसार जटही भन्सार कर्यालयमा पनि दुईवटा कार्यालय सहयोगीलाई कमिसन व्यवस्थापन गर्नका लागि राखेका छन् । जटही भन्सार कार्यालयमा कार्यरत्त कार्यालय सहयोगी गंगा पासवान र वैद्यनाथलाल कर्णको माध्यमबाट उनी कमिसन व्यवस्थापन गर्दै आएका छन् । दुवै कार्यालय सहयोगीको सरुवा भएको एक महिना भन्दा बढी सक्दा पनि दुवैलाई कार्यालय प्रमुख बस्नेतले कही जानु नपर्ने भन्दै दुबैलाई न त रवाना दिएका छन् न त दुबैले रवाना लिएका छन्।

सरकारी कर्मचारीको सरुवा नियमित प्रक्रिया भए पनि दुबैजना वर्षौदेखि जटही भन्सार कार्यालयमै कार्यरत रहेका छन् । दुबैले कमिसन उठाएर कार्यालय प्रमुखलाई महिनै पिच्छे बुझाउने गरेका कारण दुबै कार्यालय सहयोगी कुनै पनि कार्यालय प्रमुख आए त्यहाँबाट टसमस नहुने गरेको नगराइन नगरपालिका-२ का एक स्थानीयले बताए। दुवै कार्यालय सहयोगी बर्षौ देखि जटही भन्सारमै कार्यरत रहेका छन्।

कार्यालय सहयोगी वैद्यनाथलाल कर्ण भन्सार कार्यालयमै भारु नेपालीको कारोबार समेत चलाएका छन् । उनी त्यहाँ अवैध सटही काउण्ट खोलेर बसेका छन्। एक हजार भारु १५ सय नेपालीमा लिएर साटने गरेका स्थानीयबासीको कथन छ । त्यसको कमिसन समेत कार्यालय प्रमुखलाई बुझाउने गरेका छन् । भन्सार बुझाउनका लागि भन्सार कार्यालयमै सवार 'साधन लिएर आउनुपर्ने हुन्छ तर, नेपालको कुनै कुनामा भए पनि जटही भन्सार कार्यालयबाट भन्सार काटेर ह्वाट्सएपको माध्ययमले कार्यालय सहयोगी कर्ण र पासवन पठाइदिने गरेका छन्।

स्रोतका अनुसार कार्यालय प्रमुख बस्नेतलाई यी सवैकुरा राम्ररी थाहा छ र यिनीहरुले गर्ने यस्ता यस्ता कार्यबाट आउने रकमको अधिकांश भाग कार्यालय प्रमुखले पनि बुझ्ने गरेका कारण दुबैको सरुवा भए पनि दुवैजनालाई रवाना दिएका छैनन्।

कार्यालय प्रमुख बस्नेतले कर्मचारी नआएका कारण उनीहरु त्यहाँबाट नगएको बताए। आन्तरिक व्यवस्थापन हुँदैछ उनले भने-'कसैले रवाना लिन आए आफूले दिन तयार छौं तर नआएका कारण दिएका छैननौं।'

यता, कार्यालय सहयोगी गंगा पासवानले पनि व्यवस्थापन भएपछि आफू जाने बताए। आफ्नो घर जलेश्वर मै रहेका कारण जलेश्वर सरुवा गराएको बताए। अर्का कार्यालय सहयोगी वैद्यनाथलाल कर्णको सरुवा विराटनगर भएको छ उनी पनि घरायसी समस्या मिलाइ रहेको बताए। तर, कहिले जाने भन्ने विषयमा केही भनेन्।

नेपाल भारतबीच नेपालमा भारतीय सवारी साधन आयो भने पहिलो सदरमुकामसम्म र भारत जाँदा पहिलो रेल्वे स्टेशनसम्म छुट पुर्जीले जानसक्ने प्रावधान छ । तर, जटही नाका भएर आउने अधिकांश धार्मिक पर्यटक हुन्छ । जनकपुरधामसम्म आउने भारतीय सवारी साधनलाई भन्सार कटाउन दुबैले दबाब दिने तर, केही पैसा दिए छुट पुर्जी मात्र दिने गरेका छन्। छुट पुर्जी पनि निःशुल्क छन् तर २० रुपैयाँ भारु दस्तुर रहेको भन्दै दुई तीन सय भारु सम्म लिने गरेका छन्।

भन्सार स्रोतका अनुसार भारतीयहरुलाई उनीहरुले 'मुर्गा' भनेर सम्वोधन गर्ने गरेका छन्। जस्तो मुर्गा आयो त्यस्तो पैसा असुल गर्ने गरेका स्थानीयबासीको आरोप छ । भन्सारमा लगाइएको ढाट राति १० बजे बन्द हुने र विहान ६ बजे खोल्नुपर्ने हुन्छ। तर, पैसा दिए उनी कुनै पनि समयमा ढाट खोल्ने गरेका छन् । दुई सय रुपैयाँमा राति १२ बजेमा समेत ढाट खोलेर पठाउने गरेका छन्। मान्छेको पहिचान होस नहोस, सुरक्षा संवेदनशीलता लगायत कुनै पनि प्रोटोकल दुबै कार्यालय सहयोगीका लागि सरोकार राख्दैन् । पैसा भएपछि भन्सार कार्यालय २४ औं घण्टा खुला छ। कार्यालय प्रमुख बस्नेत पनि यी कुनै कुरा संग केही सरोकार राखेका छैनन् उनीहरुले कमाउने पैसाबाट कमिसन आउँदै छ सरुवा भए पनि रोकेर राख्नुपर्ने मानसिकतामा देखिएका छन्।

# मधेश प्रदेशमा जनमतको प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम। जनमत पार्टीका अध्यक्ष सीके राउतलाई पक्राउ गरेको विरोधमा सो पार्टीका नेता कार्यकर्ताले मधेशमा प्रदर्शन गरेका छन्। सो पार्टीले काठमाण्डुमा धोती जुलुस प्रदर्शन गरिरहेको अवस्थामा पार्टीका अध्यक्ष राउतलाई प्रहरीले पक्राउ गरेपछि उनीहरु आन्दोलित भएका थिए।



पार्टीको पूर्व निर्धारित कार्यक्रम अनुसार मधेश सहित काठमाण्डुमा समेत धोती जुलुस निकालिएको थियो । यसै क्रममा सोमबार जनकपुरधाम स्थित मधेश भवनबाट मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री महेशप्रसाद यादव र श्रम तथा यातायात मन्त्री चन्दन सिंह धोती लगाएर नै मन्त्रालय पुगेका थिए। जनमत पार्टीले पुस १६ गतेको दिन पहाडी समुदायले टोपी दिवस मनाउने दिनलाई नै धोती दिवसको रुपमा विगत देखि नै मनाउँदै आएको छ।

## पक्राउ परेका नेताको रिहाईको माग गर्दै प्रदर्शन

जनमत पार्टीका कार्यकर्ताहरुले सोमबार रौतहट जिल्लाको सदरमुकाम गौरमा विरोध प्रदर्शन गरेका छन्।

राष्ट्रिय पोषक दिवसको अवसरमा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष सीके राउत सहितका नेता तथा कार्यकर्ताहरुले काठमाण्डूको माइतीघरमा धोती दिवस मनाऊंन लाग्दा प्रहरीले हस्तक्षेप गरेको पक्राउको विरुद्धमा पार्टीका नेता कार्यकर्ताहरुले प्रदर्शन गरेका छन्।

## सिरहामा पनि प्रदर्शन

काठमाण्डुको माइतीघर मण्डलामा 'धोती दिवस' को र्‍यालीमा प्रहरीले हस्तक्षेप गरेको भन्दै सिरहामा जनमत पार्टीका नेता-कार्यकर्ताले विरोध गरेका छन्।

धनगढीमाई नगरपालिका-८ कसहा चोकमा टायर बालेर पूर्व-पश्चिम राजमार्ग केही बेर अवरुद्ध गरे । त्यस्तै औरहीस्थित हुलाकी राजमार्गमा पनि प्रदर्शन गरिएको छ।

निषेधित क्षेत्रमा प्रवेश गर्न खोजेपछि जनमतका अध्यक्ष सिके राउत, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीलगायतका नेता कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको विरोधमा उनीहरुले प्रदर्शन गरेका छन्।

## धनुषामा पनि प्रदर्शन

जनमत पार्टीका नेता कार्यकर्ताहरुको रिहाइको माग गर्दै जनकपुरधामको पिराडी चोकमा प्रदर्शन गरेका छन्। सरकार विरोधी नाराबाजी गर्दै उनीहरु विहान जनकपुरधाम-ढल्केबर सडक खण्ड अवरुद्ध गरेर प्रदर्शन गरेका थिए।

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र भइ सक्दा पनि आफ्नो पहिचान लगाएर प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरेको भन्दै उनीहरु प्रदर्शन गरेका छन्।

# धरपकड दूर्भाग्यपूर्ण : अध्यक्ष राउत



'धोती दिवस' भन्दै निषेधित क्षेत्रमा र्‍याली गरेपछि सरकारले धरपकड गर्दै पक्राउ गरेका ५२ जनालाई छाडेपछि जनमत पार्टीका अध्यक्ष सिके राउतले पत्रकार सम्मेलन गरेर असन्तुष्ट व्यक्त गरेका छन्। उनले नेपालको संविधानमा बुहभाषिक र बहुसांस्कृतिकको व्यवस्था गरेको अवस्थामा आफ्नो पार्टीले मनाउँदै आएको धोती दिवस मनाएको दावी गरे।

'जो-जसको जे -जे भेषभुसा हो लगाउन पाउनुपर्छ, एकल भेषभुषा नजाओस् भनेर हामीले धोती दिवस मनाएका हौं,' राउतले भने,' यो हाम्रो राजनीतिक कार्यक्रम र र्‍याली थिएन। हामी निषेधित क्षेत्रभन्दा पर आर्ट काउन्सिल अगाडी बसेका थियौं । ओर्लने वित्तिकै प्रहरीले धरपकड गर्न थाल्यो। यो दूर्भाग्यपूर्ण हो।'

राउतले सरकारको बलमिच्याईको बारेमा संसदमा पनि कुरा उठाउने बताए। उनले भने,' सरकारले मन्त्री र सांसदलाई त पक्राउ गर्छ भने यो देशमा आम जनताका लागि के स्वतन्त्रता र न्याय होला ? यस घटनाले पुष्टि गर्दछ।'

उनले रिहा गर्ने शर्तमै उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ आफूहरुलाई रिहा गर्न पुलिस क्लब पुगेको बताए। उनले कुनै मन्त्रीले हचुवाको भरमा बोल्दा र भ्रष्टाचार गर्दा पनि पक्राउ नगर्ने सरकारले मधेशी भएकै कारण आफूहरुलाई पक्राउ गरेको आरोप लगाए।

उनले प्रहरीलाई समेत व्यंग्य गर्दै भने, 'प्रहरीको पनि मानसिकता कस्तो छ भने जतिखेर पनि समात्न पाए हुन्थ्यो भन्ने देखिन्छ। अरु राष्ट्रिय पार्टीका अध्यक्षलाई समातेर देखाओस् त । यो त मधेशी पार्टीको हो भनेर समातिहाल्ने।' उनले सरकारले दम्भ देखाएर आफूहरुलाई पक्राउ गरेको बताए।

# नेपाल सनातन धर्म हिन्दू संरक्षण समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल सनातन धर्म हिन्दू संरक्षण समितिको २१ सदस्यीय समिति गठन गरिएको छ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका स्थित सखुवा बजारमा भएको बैठकले समितिको अध्यक्षमा रामगोविन्द मण्डललाई मनोनित गरेको छ।

त्यस्तै उपाध्यक्षमा जिवछी चौधरी, सचिवमा सूर्यनारायण महतो, सहसचिवमा अशोक मण्डल र कोषाध्यक्षमा विजय साहलाई मनोनित गरिएको छ भने सदस्यहरुमा रामेश्वर साह, विरजु दासलगायतका रहेका छन्।

यसैबीच समितिले हिन्दू धर्म संरक्षण तथा सनातन धर्म रक्षाका लागि राम धुन शोभा यात्रा निकाल्ने भएको छ।

आगामी माघ १८ गते हुने शोभा यात्राको तयारीस्वरुप व्यवस्थापन सन्दर्भमा जयनाथ ठाकुरको अध्यक्षतामा सात सदस्यीय निर्माण समिति गठन गरिएको छ।

त्यस्तै जिवछी चौधरीको अध्यक्षतामा सात सदस्यीय प्रचारप्रसार समिति गठन गरिएको छ भने निलम यादवको अध्यक्षतामा ६ सदस्यीय शोभा यात्रा समिति र रामसुदिष्ट जयसवालको अध्यक्षतामा ६ सदस्यीय पूजापाठ समिति गठन गरिएको नेपाल सनातन धर्म हिन्दू संरक्षण समिति अध्यक्ष रामगोविन्द मण्डलले जानकारी दिए।

# भारको तयारी अन्तिम चरणमा

**टुडे समाचारदाता**

जनकपुरधाम। भगवान रामको घरबासमा जनकपुरधामबाट पठाइन लागेको भारको तयारी अन्तिम चरणमा पुगेको छ । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले भारको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएका छन्।



भार पठाउनका लागि पाँचवटा बस, तीनवटा ट्रक र दर्जनौ साना सवारीसाधन रहने जानकारी उनले दिए । चार तारिखमा जनकपुरधामबाट प्रस्थान गर्ने र तीन तारिखसम्म सम्पूर्ण भार जानकी मन्दिरको प्राङ्गणमा आइपुग्ने उनले बताए । भार पठाउनका लागि जनकपुरधामबासी मात्रै नभइ सम्पूर्ण मिथिलाबासी नै उत्साहित रहेका छन् । रामलालाको घरबास हुने भएपछि भारतको मिथिला क्षेत्रबाट समेत भार जनकपुरधाम आउने र संगै अयोध्या जाने उता पनि तयारी भइ रहेको उत्तराधिकारी महन्त रामरोशनले जानकारी दिए।

जनकपुरधाममा भार लैजाने तयारी भइरहेको जानकारी पाएपछि उताका मिथिलाबासीसमेत उत्साहित भएर भार लिएर जाने तयारी गरिरहेका छन् उत्तराधिकारी महन्त रामरोशनले भने- 'रामललाको घर निर्माण भएपछि मिथिलाबासी हर्षसहित भावविभोर भएका छन् ।' उनले मिथिलाबासीले त्रेतायुगपछि पहिलो पटक माता सीताको ससुराली भार लिएर जान लागेका छन् जो मिथिला र अवधलाई भावनात्मक रुपमा जोडेको बताए।

यातायात व्यवस्थापन समितिका संयोजक मनोज चौधरीले जनकपुरधामबाट खुल्ने बसका लागि महावीर युवा कमिटीमा सम्पर्क गर्नका लागि आग्रह गरे । जानेहरु महावीर युवा कमिटीका अध्यक्ष अजयकुमार साह संग सम्पर्क गरी टिकट लिन सक्ने जानकारी दिए।

# जनकपुरधाममा एकै दिन आए १० हजारभन्दा बढी भारतीय पर्यटक

**टुडे समाचारदाता**

जनकपुरधाम । अंग्रेजी नयाँ वर्ष सन् २०२४ को पहिलो दिन जनकपुरधाममा १० हजारभन्दा बढी भारतीय पर्यटक भित्रिएका छन्। धनुषा र महोत्तरीका विभिन्न नाकाबाट एकैदिन १० हजार पर्यटक भित्रिएका छन्।

पर्यटकको आगमन बढेसँगै जनकपुरधामको चहलपहल बढेको छ । भारतको बिहार राज्यबाट जटही नाका भएर सोमबार ५ बजेसम्म ८७६ जिप/कार, मोटरसाइकल र भिठ्ठामोड नाकाबाट ६५६ जिप/कार, मोटरसाइकल जनकपुरधाम भित्रिएका छन् । यसबाट जटही र जनकपुरधाम भन्सार कार्यालयले १७ लाख ६ हजार ५ सय २६ राजस्व उठाएको सम्बन्धित कार्यालयका कर्मचारीहरूले जानकारी दिएका छन्।

भारतको बिहार, दक्षिण भारत, राजस्थान, गुजरात, महाराष्ट्र, हरियाणा, दिल्ली, पञ्चाब, उत्तर प्रदेश, उत्तराखण्डलगायतबाट पर्यटकहरू आएका छन्। पर्यटकलाई लक्षित गर्दै केही होटलहरूले सांस्कृतिक कार्यक्रमको आयोजना गरेका छन्।

पर्यटकको संख्या बढेसँगै जनकपुरधाममा सवारीसाधन पार्किङको चाप बढेको छ भने जानकी मन्दिरलगायतका मठ-मन्दिरहरूमा चहलपहल बढेको छ। पर्यटकको आगमनसँगै होटल व्यवसायको चाप २५ प्रतिशतले बढेको व्यवसायीहरुको भनाइ छ।

# पासवान समुदाय सलहेसको मन्दिर खोज्दै

**टुडे समाचारदाता**

कलैया । करिब ५० वर्ष देखि पूजा गर्दै आएको जीतपुर स्थित सलहेसको मन्दिर घेरिएर कब्जा गरेपछि स्थानियले विरोध जनाएका छन्।

वीरगञ्ज पथलैया राजमार्गसँग जोडिएको उक्त मन्दिरलाई ईटको पर्खालले घेरिएको छ । घेरिएको पर्खाल ब्यक्तिले नहटाए कडा संघर्षको कार्यक्रम घोषणा गर्न बाध्य हुने स्थानीयले बताएका छन्। पासवान जातिले आफ्नो कुल देवताको रुपमा सलहेसलाई मान्ने गरेका छन् । परापूर्व कालदेखि सार्वजनिक जग्गामा अवस्थित, त्यस क्षेत्रका पासवान जातिका मानिसहरुले आस्थाको केन्द्रका रुपमा पूजिदै आएको मन्दिर कुनै व्यक्तिले कब्जा गर्नु सामाजिक रुपमा निन्दनीय र कानुनी रुपमा दण्डनीय कार्य भएको दलित अगुवा राजदेव पासवानले बताए।



उनले स्थानीय सरकारले यसको संरक्षण गर्नुपर्ने धारणा राखे । सलहेसको मन्दिर दलित बस्तीमा नै अवस्थित रहेको छ। सलहेसको मन्दिर रहेको ठाउँमा आफ्नो हजुरबुवा हुँदै आफना छोराछोरीसम्म पूजापाठ गर्ने गरेको अर्का दलित अगुवा चन्देश्वर पासवानले जानकारी दिए। उनले जसरी भए पनि मन्दिरको संरक्षण हुनुपर्ने धारणा राखे।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८